# अनौपचारिक महिला प्रौढ साक्षरता कार्यक्रममा सहभागीताको स्थिति र सहभागीताहरुको शैक्षिक उपलब्धि

शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्षको
पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक
आवश्यकता पूरा गर्नको लागि प्रस्तुत
शोध प्रतिवेदन

प्रस्तुतकर्ता
माया कुमारी चौधरी
परीक्षा रोल नं. : २८००५२/०६५
त्रि.वि. दर्ता नं. : ९-२-२२५-७३-२००३

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
कीर्तिपुर, काठमाडौं
२०६७

अनौपचारिक महिला प्रौढ साक्षरता कार्यक्रममा सहभागीताको स्थिति र सहभागीताहरुको शैक्षिक उपलब्धि -माया कुमारी चौधरी

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रिय विभाग कीर्तिपुर, स्नातकोतर तह, दास्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्रा माया कुमारी चौधरी **"अनौपचारिक महिला प्रौढ साक्षरता कार्यक्रममा सहभागीताको स्थिति र सहभागीताहरुको शैक्षिक उपलब्धि"** शिर्षकमा शोध प्रतिवेदन मेरो निर्देशनमा लेखन कार्य पूरा गर्नु भएकाले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति :

...........................

**शोध निर्देशक**

**किरणराम रञ्जितकार**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको छात्रा माया कुमारी चौधरीले **“अनौपचारिक महिला प्रौढ साक्षरता कार्यक्रममा सहभागीताको स्थिति र सहभागीताहरुको शैक्षिक उपलब्धि”** शीर्षकमा शोध प्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिको लागि सिफारिस साथ यस समितिमा पेश गर्नु भएकोमा यस समितिबाट मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

| **मूल्याङ्कन समिति** | | **हस्ताक्षर** |
|---|---|---|
| १. | सह-प्रा. नारायण बस्नेत<br>विभागीय प्रमुख | ................................ |
| २. | उप-प्रा. किरणराम रञ्जितकार<br>शोध निर्देशक | ................................ |
| ३. | प्रा. डा. प्रेमनारायण अर्याल<br>बाह्य परीक्षक | ................................ |

मिति :

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र, केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि "अनौपचारिक महिला प्रौढ साक्षरता कार्यक्रममा सहभागीताको स्थिति र सहभागीताहरुको शैक्षिक उपलब्धि" शीर्षकमा केन्द्रित रही शोधपत्र तयार गर्नका लागि आफ्नो व्यस्तताका बावजुद पनि मलाई अमूल्य समय दिई निरन्तररुपमा आवश्यक निर्देशन प्रदान गर्नुहुने प्रमुख गुरु सह-प्रा. नारायण बस्नेतज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोध प्रतिवेदन लेखन आफैमा एक जटिल कार्य रहेछ । यस्तो जटिल कार्यलाई सहजताका साथ अगाडि बढाउने क्रममा आफ्नो अति व्यस्तताका बावजुद पनि अमूल्य समय प्रदान गरी यस शोधपत्रलाई पूर्णता प्रदान गर्न निरन्तर रुपमा मार्गदर्शन प्रदान गर्नुहुने गुरु उप-प्रा. किरणराम रञ्जितकारज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अन्तमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र पाठ्यक्रम तथा मूल्याङ्कन विभाग समक्ष प्रस्तुत गर्दछु ।

यस शोधपत्रलाई टङ्कन गरी सहयोग पुऱ्याउने रेसुङ्गा कम्प्युटर, कीर्तिपुरलाई पनि धन्यवाद दिन चाहन्छु ।

**माया कुमारी चौधरी**

# शोधसार

यस शोध अध्ययनको विषयवस्तु सप्तरी जिल्लामा अनौपचारिक महिला प्रौढ साक्षरता कार्यक्रममा सहभागिताको स्थिति र शैक्षिक उपलब्धि रहेको छ । यस अध्ययनको विशिष्ट उद्देश्यहरु निम्नअनुसार रहेका छन् :-

१) सहभागीको पारिवारिक, सामाजिक, जातीय, व्यावसायिक अवस्था पत्ता लगाउनु ।

२) सहभागीको अनियमितता र कक्षा छाड्ने कारण पत्ता लगाउनु ।

३) आधारभूत तह उत्तीर्ण प्रौढहरुको उपलब्धि स्तर पत्ता लगाउनु ।

उक्त अध्ययनका क्रममा सहभागीहरु साथै प्रौढ कक्षा पूरा गरेकालाई तथा सहजकर्तालाई समेत गरी वस्तुगत तथा विषयगत प्रश्नावली तयार पारिएको थियो । यो अध्ययन जम्मा सप्तरी जिल्लाको मोहनपुर गा.वि.स. का ९ वडा मध्ये ४ वडामा मात्र सीमित गरिएको थियो । ती गा.वि.स. मा रहेका २० सहभागीहरु साथै प्रौढ कक्षा पूरा गरेका २० तथा ४ वडाका ४ जना सहजकर्तालाई समेत नमुनाको रुपमा लिइएको थियो । यसबाट प्राप्त तथ्यांक तथा सूचनालाई गुणात्मक तथा परिमाणात्मक रुपमा विभिन्न तालिकामा व्याख्या तथा विश्लेषण गरिएको थियो ।

प्राय: सहभागी महिला विवाहित रहेको तथा कक्षामा अनियमितता २६ प्रतिशत तथा कक्षा छाड्ने २२ प्रतिशत पाइयो । कक्षामा एकल परिवारका सहभागी बढी पाइयो । बालबच्चा सानो भएका कारण बिचैमा कक्षा छाड्ने ५० प्रतिशत पाइयो । भाषिक सीप तर्फको उपलब्धि औसतमा ६५ प्रतिशत तथा गणित तथा सांख्यिक सीपमा औसत ७५ प्रतिशत पाइयो । त्यसैगरी भाषिक सीप तर्फको उपलब्धि पूर्ण साक्षरमा ३५ प्रतिशत तथा गणित तथा सांख्यिक सीप उपलब्धिमा पूर्ण साक्षरमा १५ प्रतिशत पाइयो ।

यस शोधको अध्ययनबाट प्रौढहरुको शैक्षिक उपलब्धि मध्यम देखिन्छ । साथै महिला सहभागीहरुको सहभागिता राम्रो देखिए तापनि बिचैमा कक्षा छोड्ने अनियमितता हुने प्रवृत्ति देखिएको छ । अत: प्रौढहरुको नियमितता बढाउन घरदैलो कार्यक्रम मार्फत उनीहरुका घरका सदस्यलाई आमन्त्रण गरी विभिन्न जनचेतनाका कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ । साथै प्रौढ कक्षामा सातारुपी परीक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ । पढाउने केन्द्र नजिक राखिदिने व्यवस्था गर्ने र सहभागीहरुको सुविधा भएको ठाउँमा केन्द्र राख्ने ।

# विषय सूची


| | |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| शोधसार | IV |
| विषय सूची | V-VI |
| तालिका सूची | VII |

**परिच्छेद – एक**

| | |
|---|---|
| **परिचय** | **१-११** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ८ |
| १.३ अध्ययनको औचित्य | ९ |
| १.४ अध्ययनको उद्देश्य | ९ |
| १.५ अध्ययनको परिसीमा | १० |
| १.६ समस्यामा प्रयोग भएका शब्दको परिचय | १० |

**परिच्छेद – दुई**

| | |
|---|---|
| **सम्बन्धित साहित्यको पुनरावलोकन** | **१२-१७** |

**परिच्छेद – तीन**

| | |
|---|---|
| **अनुसन्धान विधि** | **१८-२१** |
| ३.१ अनुसन्धान ढाँचा | १८ |
| ३.२ तथ्याङ्क स्रोतहरु | १८ |
| ३.२.१ प्राथमिक स्रोत | १८ |
| ३.२.२ सहायक स्रोत | १९ |
| ३.३ अध्ययनको जनसंख्या | १९ |
| ३.४ नमुनाको छनोट प्रक्रिया | १९ |
| ३.५ तथ्याङ्क संकलनका साधनहरु | २० |
| ३.५.१ अन्तर्वार्ता प्रश्नावली (सहभागीका लागि) | २० |
| ३.५.२ परिक्षण (पूरा गरेकाका लागि) | २० |

३.५.३ उपलब्धि मापन परिक्षण २०

३.६ साधनको वैधता निर्धारण २०

३.७ सूचनाको व्याख्या र विश्लेषण २१

**परिच्छेद चार**

**तथ्याङ्कको विश्लेषण र व्याख्या** **२२-४२**

४.१ सहभागीहरूको पारिवारिक, सामाजिक, व्यावसायिक, जातीय, उमेर विवाहिक अवस्था २२

४.२ कक्षा सञ्चालन हुने दिन, संख्या, कक्षा छाड्ने संख्या तथा छाड्ने कारणहरु २६

४.३ प्रौढ साक्षरता उत्तीर्ण प्रौढहरूको शैक्षिक उपलब्धि २८

४.४ गणित सम्बन्धी ज्ञान तथा सीप (उपलब्धि अवस्था) ३८

**अध्याय पाँच**

**प्राप्ति, निष्कर्ष र सुझाव** **४३-४६**

५.१ प्राप्ति ४३

५.२ निष्कर्ष ४५

५.३ सुझाव ४५

**सन्दर्भसामग्री** **४७-४८**

**अनुसूची** **४९-५७**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. ४.१ | सहभागीहरूको पेशासम्बन्धी विवरण | २२ |
| तालिका नं. ४.२ | वैवाहिक अनुसार विवरण | २३ |
| तालिका नं. ४.३ | जाति अनुसार विवरण | २४ |
| तालिका नं. ४.४ | सहभागीको पारिवारिक किसिम | २४ |
| तालिका नं. ४.५ | उत्तीर्ण अनुत्तीर्ण अनुसार विवरण | २५ |
| तालिका नं. ४.६ | महिनामा कक्षा सञ्चालन हुने समय र दिन | २६ |
| तालिका नं. ४.७ | प्रौढ कक्षामा अनियमितता महिलाको स्थिति | २७ |
| तालिका नं. ४.८ | सहभागी साथीले बिचैमा कक्षा छाड्ने कारणहरू | २८ |
| तालिका नं. ४.९ | अक्षर, मात्रा र शब्दको चिनारी (उपलब्धि अवस्था) | ३० |
| तालिका नं. ४.१० | नाम र ठेगाना लेख्ने क्षमता | ३१ |
| तालिका नं. ४.११ | शब्दहरूबाट वाक्य निर्माण गर्ने क्षमताको उपलब्धि | ३२ |
| तालिका नं. ४.१२ | अनुच्छेद पढाइ तथा लेखाइ (उपलब्धि अवस्था) | ३३ |
| तालिका नं. ४.१३ | शब्दहरूको संगठन गर्ने क्षमताको उपलब्धि अवस्था | ३४ |
| तालिका नं. ४.१४ | चिठ्ठी लेखन सीपको उपलब्धि क्षमता | ३५ |
| तालिका नं. ४.१५ | वाक्य निर्माणमा शब्दहरूको छनोट गर्न सक्ने क्षमताको उपलब्धि | ३६ |
| तालिका नं. ४.१६ | अनुच्छेद बोधको क्षमता | ३७ |
| तालिका नं. ४.१७ | गणितीय सांख्यिक समस्याको आधारभूत ज्ञान तथा सीप | ३८ |
| तालिका नं. ४.१८ | गणितीय शाब्दिक समस्या समाधान गर्ने ज्ञान तथा सीप | ३९ |
| तालिका नं. ४.१९ | प्रौढ साक्षरता उत्तीर्ण प्रौढहरुको समग्रमा उपलब्धि स्तर | ४१ |

# परिच्छेद – एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

औपचारिक शिक्षाको चार दिवाल बाहिर अर्थात औपचारिक पद्धति बाहिर लचिलो ढंगबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । शिक्षाका औपचारिक माध्यम बाहेक अन्य माध्यमद्वारा व्यक्तिको स्वसुविधा, फुर्सद तथा आवश्यकतालाई मध्यनजर गरी प्रदान गरिने शिक्षा अनौपचारिक शिक्षा हो । निश्चित उद्देश्य प्राप्तिको लागि विद्यालयको घेरा भन्दा बाहिरी वातावरणमा दिइने ज्ञान, सीप र धारणाहरुलाई अनौपचारिक शिक्षा भनिन्छ ।

शिक्षा जीवनपर्यन्त चलिरहने प्रक्रिया हो जुन जन्मदेखि मृत्युपर्यन्त चलिरहन्छ । जुन सिक्ने सिकाउने कार्यसँग सम्बन्धित हुन्छ । मानिसले आफ्नो जीवनकालमा देखेर, सुनेर, अनुभव गरेर क्रिया प्रतिक्रिया गरेर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सिक्ने सिकाउने कार्य गरिरहेकै हुन्छ । अतः औपचारिक विद्यालयमा मात्र निम्नअनुसार भन्ने मान्यता भन्दा फरक विद्यालय देखिन्छ ।

मानिसले सिक्ने अवसर उसको आदत, झुकाव, भावना र सिकाइबाट पाउँदछ । यसरी सिक्ने स्रोतहरुमा व्यावहारिक र प्राकृतिक रुपमा हुन्छन् भने यी ज्ञान आर्जन गर्ने पाटाहरुमा औपचारिक, अनौपचारिक र आकस्मिक रुपमा हुन सक्छन् । यी मध्ये औपचारिक र अनौपचारिक शिक्षा व्यवस्था प्रमुख रुपमा प्रचलनमा आएका छन् । यी दुवै किसिमका शिक्षा प्रणाली बीचमा पाठ्यक्रम पाठ्ण्पुस्तक उद्देश्य र पठनपाठन विधिमा फरक फरक हुन्छन् ।

साधारण अर्थमा सामान्य लेखपढ गर्न सक्नुलाई साक्षर मानिन्छ । युनिस्कोले सन् १९५८ मा सामान्यतया पढ्न लेख्न र दैनिक जीवनमा आइपर्ने गणितीय जोड घटाउ गर्न सक्ने व्यक्तिलाई साक्ष्र मानिएको छ । हाम्रो सन्दर्भमा आफ्नो मातृ भाषा वा राष्ट्रिय भाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित छोटो र साधारण वाक्यहरु बुझेर लेखपढ गर्न सक्ने र बुझेर कुरा एक आपसमा राम्ररी सञ्चार गर्न सक्ने तथा साधारण हर हिसाब गर्न सक्ने व्यक्तिलाई साक्षर मानिएको छ ।

राणाशासनको अन्त्य र प्रजातन्त्रको प्राप्तिपछि विभिन्न मन्त्रालयको स्थापना भयो । वि.सं. २००९ सालमा संयुक्त राष्ट्र कार्यमण्डलसँगको सहयोगमा शिक्षा मन्त्रालयले विश्व साक्षरता व्यवस्थापनका डा. फ्याङ लोव्याकको नेतृत्वमा आएका शिक्षा विद्हरुलाई प्रौढ साक्षरता शिक्षाको पाठ्य सामग्री तयार गर्न लगाइयो । नेपालमा साक्षरता प्रचार तर्फको यो प्रारम्भिक प्रयास हो । वि.सं. २०११ सालमा सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा गठित नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले प्रौढ साक्षरता शिक्षा सँगै कृषि र गृहोन्नति शिक्षा दिनु पर्ने कुरा सिफारिस गऱ्यो । उक्त प्रतिवेदनमा जनजीविका संग गाँसिएको प्रौंढ शिक्षाबारे सैद्धान्तिक बहस र व्यावहारिक प्रयास सुरु गरेको पाइन्छ । उदाहरणका लागि नेपाल राष्ट्रियशिक्षा आयोग (ने.रा.शि.आ. २०११) को प्रतिवेदनमा निम्न कुरा उल्लेख गरिएको छ :- “आम दुनियाँमा साक्षरताको प्रेरणा धकेल्नलाई आया होइन, प्रौढ शिक्षा फैलाउनलाई पनि पहिलो कदम चाल्नु आवश्यक छ । प्रौढ साक्षरता प्रेरणा व्यवस्थित हुनु पर्दछ ।”

सबै स्कुलका शिक्षकहरु र ग्रामीण विकास कार्यकर्ताहरुलाई प्रौढ शिक्षा समूहका निम्ति वेलुकीपख स्कुल र पुस्तकालको चलन गर्नु पर्दछ । खेतीको काम, घरधन्दा, शिल्पकला र अरु उपयोगी विषयमा प्रौढ क्लासहरु सुरु गर्नु पर्दछ । रेडियो शिक्षा, फिल्म, व्यङ्ग्यचित्र, कथा र अरु आधुनिक प्रौढ शिक्षामा प्रयोग गर्नु पर्दछ । पाठ्यपुस्तकहरु मासिक पत्रिका र सजिलो पर्चाहरु प्रौढ साक्षरताको निम्ति तयार गर्नु पर्दछ ।

यस आयोगको दीर्घकालीन योजना बमोजिम तत्कालीन नेपाल सरकारले योजनाबद्ध रुपमा प्रौढ साक्षरता शिक्षाको गतिविधिहरु वि.सं. २०१३ सालदेखि मात्र सुरु सञ्चालन भएको पाइन्छ । वि.सं. २०१३ को पौषदेखि ६ महिने र ३ महिने साक्षरता कक्षाहरु खोली सञ्चालन भएको पाइन्छ । प्रथम पञ्चवर्षीय योजनाको अवधि (वि.सं. २०१३-०१७) मा १००० जनालाई साक्षर गराउने लक्ष्य राखिएको पायन्छ । उल्लेखित साक्षरता कक्षाबाट प्राप्त गरेका ज्ञान र सीपलाई कायम राख्न सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले “समाज शिक्षा” को व्यवस्था गर्न सुझाव प्रस्तुत गऱ्यो । वि.सं. २०१९-०२२ सम्मको अवधि भित्र प्रौढ शिक्षा कार्यक्रमले व्यापक रुप लिएको पाइन्छ । यसै अवधिमा प्रौढ शिक्षा कार्यक्रमलाई देश, काल, परिस्थिति र वातावरण सुहाउँदो बनाउन पाठ्यक्रम तयार गरी पहिलो ६ महिनाको साक्षरता कक्षामा साधारण लेखपढ र गणित सिकाइयो भने दोस्रो ३

महिनाको कक्षामा स्वास्थ्य, कृषि सहकारी उद्योग, गृह विज्ञान आदि विषयको अध्ययन अध्यापन गराइन्थ्यो । वि.सं. २०२२-०२७ को अवधिमा विभिन्न शिक्षण संस्था, विभिन्न सामाजिक संस्था तथा वर्गीय संगठनको सक्रिय सहयोगमा प्रौढ शिक्षा कार्यक्रम व्यापक रुपमा सञ्चालन गरिएको देखिन्छ । तेस्रो योजना अवधिमा ६६००० जना प्रौढहरुलाई साक्षर गराउने लक्ष्य राखिएको देखिन्छ (खनाल, पृष्ठ ५५) ।

सरकारको संस्थागत संरचनाबाटै आधारभूत साक्षरता, साक्षरोतर शिक्षा, निरन्तर शिक्षा र विद्यालय शिक्षा समकक्षताको वैकल्पिक एवम् खुला विद्यालय जस्ता अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रमहरुको विकास, व्यवस्थापन, प्रवर्तन, समन्वय र कार्यान्वयनमा आएका क्रियाकलापहरुलाई नेतृत्व दिन शिक्षा मन्त्रालयको केन्द्रीय निकायका रुपमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भएको छ । अनौपचारिक शिक्षा सम्बन्धी नीति निर्माण, कार्यक्रम तर्जमा, पाठ्यक्रम तथा पाठ्यसामग्री विकासमा केन्द्रित अनौपचारिक शिक्षा विकास र विस्तारका कार्यहरु सम्बन्धी शीर्षस्थ संस्थाको रुपमा यस केन्द्रले भूमिका खेल्दै आएको छ ।

अनौपचारिक शिक्षा केन्द्र एक चिनारीमा उल्लेख भए अनुसार देशको प्रौढ साक्षरता स्थितिमा सुधार गर्ने र मुलुकको गरिबी निवारण र समतामूलक सामाजिक, आर्थिक विकासका लागि योगदान पुऱ्याउन सक्षम जनशक्ति विकास गर्न महिला, दलित र समाजमा सीमान्तीकृत समुदायलाई लक्षित गरी समग्र प्रौढ तथा युवाहरुलाई साक्षरता लगायतका उपयुक्त सिकाइ तथा सीप विकासका कार्यक्रमहरुको विकास र विस्तार गर्नु यस केन्द्रको उद्देश्य निम्न अनुसार रहेको छ ।

- सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनाले तय गरेका सन् २०१५ सम्म विद्यमान प्रौढ साक्षरता दरमा वृद्धि गरी ९२% सम्म पुऱ्याउने ।
- साक्षरता, अनौपचारिक शिक्षा र खुला सिकाइ पद्धतिबाट मुलुकको सामाजिक आर्थिक र मानव विकासका लक्ष्य हासिल गर्नु ।
- राष्ट्रिय विकासका प्रयासहरुलाई सहयोग गर्ने निरन्तर सिकाइ प्रणाली विकासका लागि गतिशील र दिगो राष्ट्रिय अनौपचारिक शिक्षा पद्धति स्थापना गर्ने ।
- सामुदायिक सहयोगलाई प्रवर्द्धन गर्न प्रवर्तनात्मक स्थानीय मौलिक राष्ट्रिय अनौपचारिक शिक्षा कार्यक्रमहरुको विकास गर्ने ।

) साक्षरता लगायतका अनौपचारिक शिक्षा कार्यक्रमलाई सहयोग गर्न राष्ट्रिय र अन्तराष्ट्रिय साझेदारीतालाई सुदृढ बनाउने ।

(अनौपचारिक शिक्षा केन्द्र एक चिनारी, २०३७)

**नेपालको अनौपचारिक शिक्षा, ऐतिहासिक पृष्ठभूमि**

नेपालमा औपचारिक शिक्षाको ऐतिहासिक पृष्ठभुमि केलाउँदा गुरुकुल शिक्षा, वि.सं. २००४ सालको आधार शिक्षा, तीन महिने प्रौढ शिक्षा हुँदै योजनावद्धरुपमा २०१३ सालको प्रथम पञ्चवर्षित योजनाबाट शुरुवात भएको हो । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा प्रौढ साक्षरता र कार्यमूलक शिक्षा बनाउन जोड दिइयो भने पछि २०३७ सालमा अनौपचारिक शिक्षामा मुख्य शब्द पद्धति अवलम्बन गरियो । वि.सं. २०३९ सालमा परियोजनागतरुपमा ग्रामीण विकासका लागि सेती परियोजना अन्तर्गत कार्यमूलक चेलिबेटी शिक्षा कार्यक्रम सञ्चालन हुन गए । यसैगरी आधारभूत प्राथमिक शिक्षा परियोजनामा महिला र बाल शिक्षामा कार्यक्रम केन्द्रिकृत भए । २०४७ सालमा साक्षरताका लागि प्रौढ, चेलीबेटी तथा बाल शिक्षाका कार्यक्रम सञ्चालन गरिए । उक्त कार्यक्रमहरु गर्ने जिम्मेवारी पाएको शिक्षा मन्त्रालयको प्रौढ शिक्षा शाखालाई २०४९ सालमा राष्ट्रिय अनौपचारिक शिक्षा परिषदमा रुपान्तर गरियो जसले नव साक्षर कार्यक्रम समेत सुरुवात गऱ्यो । २०५६ सालमा राष्ट्रिय अनौपचारिक शिक्षा परिषद सचिवालय स्थापना गरी प्रौढ साक्षरता, साक्षरोत्तर तह, बाल शिक्षा कार्यक्रम सञ्चालन भए । २०५६ सालमा विभागीय स्तरको अनौपचारिक शिक्षा केन्द्र नामको केन्द्रिय कार्यालय स्थापना भयो । यसमार्फत २०५७ देखि वैकल्पिक विद्यालय कार्यक्रम थालनी गर्दै २०६२/६३ मा बीचैमा कक्षा छाडेका बालबालिकाका लागि कार्यक्रमको परीक्षण र २०६५ देखि साक्षरता अभियान सञ्चालनमा आइ हाल 'सबै नेपालीलाई साक्षर बनाइ देश विकास' गर्न "साक्षर बनौं क्षमता बढाउँ" कार्यक्रमका साथ अगामी दुई वर्ष भित्रमा सबै नेपाली साक्षर हुने गरी निरक्षरता उन्मूलक कार्यक्रम सञ्चालन भइरहेका छन् ।

**तीन वर्षीय अन्तरीय योजना**

तीन वर्षीय अन्तरीम योजना आ.ब. २०६३/६४ मा ६+ वर्षको साक्षरता दर ६३ (महिला ५१ र पुरुष ७७), १५+ वर्षको साक्षरता दर ५२ (महिला ३८ र पुरुष ६९) रहेको

देखाइएको छ । ३ वर्षे अन्तरिम योजनाको अपेक्षित लक्ष्य तीन वर्ष भित्रमा ६+ वर्षको साक्षरता दर ७६ पुऱ्याउने, १५+ वर्षको ६० पुऱ्याउने र साक्षरता लङ्गीक समता सुचकाङ्क ०.९ पुऱ्याउने रहेको देखिन्छ ।

यसैगरी रणनीतिहरुमा लक्षित वर्ग विशेष गरी महिला, दलित, आदिवासी, जनजाति, मधेशी समुदाय, उत्पीडित तथा अपाङ्ग लगायत द्वन्द्व प्रभावित समूह केन्द्रित साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षालाई अभियानका रुपमा सञ्चालन गर्ने, आधारभूत तहको शिक्षालाई निःशुल्क सर्वसुलभ र अनिवार्य बनाउँदै लैजाने, खुला शिक्षाको समेत प्रयोग गरी शिक्षाको नवसर सबै नेपाली नागरिकको पहुँच भित्र सुनिश्चित गर्ने, र यी सबैलाई लक्षित गरी साक्षरता कार्यक्रमलाई घुम्ती सहजकर्ताको व्यवस्था गरी सञ्चालन गर्ने रहेको पाइन्छ । यस अन्तर्गत निम्नानुसारका कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य रहेका छन् । यसमा ११,१९,००० जनाको लागि आधारभूत तहको साक्षरता कार्यक्रम सञ्चालन गर्ने, गाउँ शिक्षायोजना तयार भएका ६०० गा.वि.स.मा साक्षरता कार्यक्रम अभियानका रुपमा सञ्चालन गर्ने, अति सीमान्तकृत र तोपोन्मुख जनजातिहरु - कुसुन्डा, बनकरिया, राउते, सुरेल, हायु, राजी, किसान, तेरचा, मेचे, कुसबडिया, चेपाङ, बोटे, बराम्बु, दनुवार, मुसहर, सतार, पहरी, हलखोर आदि समूहका २०,००० जनताका लागि उनीहरुको दैनिक जीवनसँग तादात्मक राख्ने आधारभूत साक्षरता शिक्षा कार्यक्रम दिने, ७,९४,२४७ जनाको लागि साक्षरोतर कार्यक्रम सञ्चालन गर्ने, बीचैमा विद्यालय छाडेका बालबालिकाका लागि ३० जिल्लामा शैक्षिंक कार्यक्रम सञ्चालन गर्ने, १२९ ओटा समुदायिक अध्ययन केन्द्र सञ्चालन गर्ने, ५ ओटा सामुदायिक अध्ययन केन्द्र मार्फत साक्षरता कार्यक्रममा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने कार्यक्रम रहेका छन् । साक्षरता तथा आयमूलक कार्यक्रमको कूल अनुमानित वजेट ९४.५० करोड लाग्ने अनुमान गरिएको छ । (तीन वर्षीय अन्तरीय योजना, ०६४/०६५ देखि ०६६/०६७, रा.यो.आ. ४०)

## विगतदेखि वर्तमान सम्मको साक्षरताको स्थिति

केन्द्रिय तथ्याङ्क विभागको तथ्याङ्क अनुसार २००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २ वर्ष भित्रमा अर्थात २००९ सालमा ५.३ प्रतिशत पुगेको थियो । त्यस्तै २०१८ मा ८.९ प्रतिशत, २०२२ मा १४ पैतिशत, २०३८ मा २३.५ प्रतिशत, २०४३ मा ३४.८ प्रतिशत, २०४८ मा ५२.६ प्रतिशत, २०५४ मा ५२.६ पैतिशत, २०५८ मा ५३.७

प्रतिशत, २०६४ मा ६ वर्ष माथिको साक्षरता पैतिशत ६३ रहअेको सो तथ्याङ्क देखाउछ । यसरी हेर्दा साक्षरता दर बढेपछि ५९ वर्षमा केवल ६१ प्रतिशत साक्षरताको प्रतिशतमा वृद्धि हुनुलाई अर्थात् वार्षिक १ प्रतिशतमा सन्तोष मानी बस्ने ठाउँ पटक्कै रहदैन ।

नेपाल मानव विकास प्रतिवेदन २००९ का अनुसार १५-४९ वर्ष उमेर समूहका बाहुण र क्षेत्री महिलाको साक्षरता ६८.६ पैतिशत पुगेको देखाएको छ । यसै उमेर समूहका पुरुषको साक्षरता ९२.८ प्रतिशत पुगेको छ भने १५-५९ वर्ष उमेर समूहका पुरुषको साक्षरता ७८.७ प्रतिशत देखिएको छ । १५-४९ वर्ष उमेर समूहका महिला मध्ये दलित महिलाको साक्षरता ३४.८ प्रतिशत र पुरुषको साक्षरता ५९.९ प्रतिशत पुगेको छ । यसैगरी १५-४९ वर्ष उमेर समूहको जनजाति पुरुषको साक्षरता (नेवारबाहेक) ७९.६ प्रतिशत पुगेको र यसै उमेर समूहका महिलाको साक्षरता ५६.९ पुगेको देखिन्छ । (मानव विकास प्रतिवेदन २००९, यु.एन.डी.पी.)

अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६४, अनुसार अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा आधारभूत प्रौढ शिक्षा, साक्षरोत्तर । शिक्षा, महिला शिक्षा प्रथम र दोस्रो, आय आर्जन कार्यक्रम, प्राथमिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक पैाथमिक शिक्षा कार्यक्रम, बीचैमा विद्यालय छाड्ने बालबालिकाका लागि विद्यालय पुन प्रवेश गर्ने कार्यक्रम रहेका छन् । यसमा निरक्षर रहेका प्रौढ महिला तथा पुरुष र विद्यालय बाहिर रहेका वा बीचैमा कक्षा छाड्ने बालबालिकाहरुका लागि आधारभूत साक्षरता, साप्तरोतर, शिक्षा, निरन्तर शिक्षा, र बैकलल्पिक विद्यालय शिक्षा पैदान गर्ने उद्देश्य राखिएको छ । यस निर्देशिकाले साक्षरता कक्षा एवम् बैकल्पिक विद्यालय व्यवस्थापन समिति, सहयोगी, कार्यकर्ता, स्थानीय निरीक्षक, मातृविद्यालय, शैक्षिकउत्प्रेरक, जिल्ला अनौपचारिक शिक्षा सम्पर्क अधिकृत, स्रोतकेन्द्र जिल्ला शिक्षा कार्यालय, जिल्ला अनौपचारिक शिक्षा समिति, क्षेत्रीय शिक्षा निर्देशनालय, अनौपचारिक शिक्षा केन्द्र, अनौपचारिक शिक्षा पसिरषद्का काम, कर्तव्य र अधिकार स्पष्ट परेको छ । (२०६४, अनौपचारिक शिक्षा केन्द्र, ५६)

नेपाल सरकारले आ.ब. २०६५/६६ देखि २ वर्ष भित्र मुलुकमा रहेका ७८ भारत निरक्षरहरुलाइ्र साक्षर गराउने अभिप्रायले राष्ट्रिय साक्षरता अभियान २०६५ शुरु गरेको थियो । यसका लागि राष्ट्रिय साक्षरता अभियान कार्यक्रम निर्देशिका २०६५ जारी गरियो, ६ ओटा मातृभाषामा पाठ्यसामग्री निर्माण भए, ८०६ ओटा सामुदायिक अध्ययन केन्द्रहरुद्वारा पनि कार्यक्रम सञ्चालन गरियो ।

अर्को तर्फ आ.ब. २०६६/६७ को बजेटमा सबै नेपालीलाई साक्षर बनाइ देश विकास गर्न सरकारले "साक्षर बनौं क्षमता बढाउँ" कार्यक्रमका साथ अगामी दुइ वर्ष भित्रमा सबै नेपाली साक्षर हुने गरी निरक्षरता उन्मूलन कार्यक्रम सञ्चालन गरिरहेको छ । यसका लागि स्थानीय निकाय, विद्यालय, शिक्षक र स्थानीय राजनितीक दलहरुको सहभागितामा सञ्चालन गरिने भएको छ जसका लागि १ अर्ब ४ करोड बजेछ छुटयाइएको छ । (आ.ब. ०६६।०६७ को बजेट बकतव्य, अर्थ मन्त्रालय, ५५)

२०४६ सालमा प्रजातन्त्रको पुनर्वहालीपछि श्री ५ को सरकारको अनौपचारिक शिक्षालाई अझ व्यापक बनाउने लक्ष्य अनुरुप कार्यक्रम चलाउन गैरसरकारी संस्थाहरुलाई जिम्मेवारी दिइयो । यस अवधिमा मातृ भाषामा शिक्षा दिने सहभागीको निमित्त पाठ्य सामग्री प्रयोग गर्ने र रिलेक्स विधिबाट शिक्षण गर्ने नयाँ प्रयासहरु हुन थाले । सेती योजनाको अनुभवले २०४८ सालमा आ.प्रा.शि.प. कार्यक्रम सुरु भयो । सन् १९९० को जोमतेन अन्तर्राष्ट्रिय सम्मेलनले "सबैका लागि शिक्षा' को नारालाई नेपालले पनि सन् २००० मा जम्मा ६१% बाट घटाएर ३३% मा ल्याउने लक्ष्य राखेको थियो । जसअनुसार १४ लाख निरक्षरलाई साक्षर बनाउने कार्यक्रम थियो ।

लुइटेल, समीरा (२०५८) चालु नवौं पञ्चवर्षीय योजनाको आगामी बाह्रौं योजनाको अन्त्य सम्ममा देशको साक्षरता कार्यक्रमलाई राष्ट्रिय अभियानका रुपमा सञ्चालन गरी ६ वर्ष र सोभन्दा माथिका जनसंख्याहरुमध्ये ७० प्रतिशतलाई साक्षर गर्ने ३२१६ हजार निरक्षर प्रौढलाई साक्षर गर्ने लक्ष्य राखेको छ । यसै अवधिमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले समेत किटान गरेको छ । यसैगरी उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले संगठनात्मक सुधार प्राथमिकता प्राप्त क्षेत्र निर्धारण, प्राविधिक पक्षमा सुधार, साक्षरता अभियान र आर्थिक प्रबन्ध समेतका विषयमा सुझाव दिएको छ । अनौपचारिक शिक्षालाई साक्षरता र साक्षरोत्तर शिक्षामा मात्र सीमित नराखी यसको दायरा फराकिलो गरी अनौपचारिक प्राथमिक शिक्षा र अनौपचारिक माध्यमिक शिक्षा सुसञ्चालन गर्ने र साक्षरता तहदेखि उच्च शिक्षा सञ्चालन सम्मका लागि अनौपचारिक शिक्षाका माध्यमबाट शिक्षा दिलाउन खुला विश्वविद्यालय सञ्चालन गरिनु पर्छ भनी फराकिलो दृष्टिकोण राखी सुझाव दिएको छ (उ.रा.शि.प. को प्रतिवेदन, २०५८ काठमाडौं) ।

देशको जनसंख्यामध्ये ७० प्रतिशतलाई साक्षर बनाउने लक्ष्य अनुरुप अनौपचारिक शिक्षाको क्षेत्रमा विभिन्न प्रकारका कार्यक्रम र परियोजनाहरु गत विगत वर्षदखि सञ्चालन हुँदै आएका छन् । तिनीहरुमध्ये मुख्य रुपमा सेती परियोजना रेड कार्यक्रम १९९७ जनसंख्या शिक्षा कार्यक्रम १९९१, प्रजातन्त्रका लागि अनौपचारिक तथा आम्दानी वृद्धि कार्यक्रम १९९७, भुटानी शरणार्थीका लागि अनौपचारिक शिक्षा १९९२ आदि छन् । यी कार्यक्रमहरुमा महिलाहरुको व्यापक सहभागिता गराउने उद्देश्य राखिएको छ । यसैगरी अनौपचारिक शिक्षाको क्षेत्रमा कार्यरत विभिन्न प्रवर्द्धन कार्यक्रमहरु चलाउँदै आएका संघसंस्थाहरु छन् । तिनीहरुमध्ये मुख्य रुपले अनौपचारिक सेवा केन्द्र इन्सेक २०५० सोसाइटी फर पार्टीसिपेटरी कल्चर एजुकेशन स्पेश १९७०, विश्व शिक्षा नेपाल १९७७, टेडवना १९७९, तुलसी मेहर युनेस्को १९८९ वेग कार्यक्रम १९९२ आदि छन् । यी संस्थाहरुले पनि अनौपचारिक शिक्षा महिलाहरुको सहभागी गराउँदै आएका छन् ।

सुरुका वर्षमा अनौपचारिक शिक्षा कार्यक्रम शिक्षा मन्त्रालय अन्तर्गतका सरकारी निकायहरुमा पनि खासगरी पाठ्यक्रम विकास केन्द्रको अनौपचारिक शिक्षा महाशाखा शिक्षा मन्त्रालयको अनौपचारिक शिक्षा शाखा आधारभूत तथा प्राथमिक शिक्षा परियोनाको अनौपचारिक शिक्षा उकाइ र राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्को सचिवालयबाट भिन्न भिन्न रुपमा सञ्चालन हुँदै आएकोमा उक्त कार्यक्रम एकीकृत गरी एउटै छानामा ल्याई सञ्चालन गर्न शिक्षा मन्त्रालयको मिति २०५६।४।२७ को निर्णय भएअनुसार अनौपचारिक शिक्षा केन्द्रको स्थापना भयो र सो पश्चात् अनौपचारिक शिक्षा सम्बन्धी सम्पूर्ण काम यस केन्द्रले गर्दै आएको छ । यस्तैगरी अन्य सरकारी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुले समेत अनौपचारिक साक्षरता कार्यक्रम सञ्चालन गर्दै आएका छन् । (लुइटेल, २०५८)

## १.२ समस्याको कथन

अनौपचारिक प्रौढ कार्यक्रममा १५-४५ वर्ष सम्मका महिला सहभागीको स्थिति र शैक्षिक उपलब्धिस्तर एक अध्ययनले सप्तरी जिल्लाका साक्षरता तथा प्रौढ शिक्षाका कार्यक्रमहरुमा महिलाको के कस्तो संलग्नता रहेको छ ? नियमितता तथा अनियमितता कस्तो रहेको छ ? समस्या के रहेका छन् ? भन्ने प्रश्नको जवाफ दिने प्रयास गरिएको थियो ।

१) सप्तरी जिल्लाका गा.वि.स. मोहनपुरका अनौपचारिक शिक्षाका प्रौढ कक्षाहरुमा महिलाको सहभागिताको अवस्था कस्तो छ ?

२) महिलाहरुको पारिवारिक, सामाजिक, जातीय, व्यावसायिक स्थिति कस्तो छ ?

३) महिला कत्तिको बिचैमा प्रौढ कक्षा छोड्ने छन् भने कति छन् ?

४) के कारणले गर्दा कक्षा छाड्ने गर्छन् ? कारण पत्ता लगाउने ?

५) प्रौढ शिक्षा आधारभूत तह अध्ययनपछि आएको उपलब्धिस्तर कस्तो छ ?

जस्ता प्रश्नहरुको जवाफ खोज्ने प्रयास गरिएको थियो ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययनका लागि निम्न कुराले सहयोग गर्छ :-

१) अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिलाको सहभगिता पत्ता लगाउन मद्दत पुग्नेछ ।

२) महिलाहरुको बिचैमा कक्षा छाड्ने प्रवृत्ति न्यून गर्न ।

३) अनौपचारिक शिक्षा सम्बन्धमा चासो राख्ने सम्पूर्णलाई जिज्ञासा मेटाउने साधन बन्नेछ ।

४) अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिलाहरुको नियमितता नहुनाका कारण पत्ता लगाई नियमितता बढाउन सहयोग पुऱ्याउनेछ ।

५) सहभागीहरुको उपलब्धि स्तरको आधारमा प्राप्त सुझावहरुबाट अनौपचारिक शिक्षा कार्यक्रममा संलग्न व्यक्ति तथासंस्थालाई आफ्नो कार्यक्रममा सुधार गर्न मद्दत मिल्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य अनौपचारिक प्रौढ शिक्षामा वर्तमान स्थिति पत्ता लगाउने रहे तापनि विशिष्ट रुपमा यस अध्ययनको उद्देश्य निम्नअनुसार तर्जुमा गरिएको थियो :-

४) सहभागीको पारिवारिक, सामाजिक, जातीय, व्यावसायिक अवस्था पत्ता लगाउनु ।

५) सहभागीको अनियमितता र कक्षा छाड्ने कारण पत्ता लगाउनु ।

६) आधारभूत तह उत्तीर्ण प्रौढहरुको उपलब्धि स्तर पत्ता लगाउनु ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनलाई व्यापक रुपमा अध्ययन गरी उपयुक्त सुझाव प्रस्तुत गर्नु आवश्यक भए तापनि स्रोत साधन समयको अभावले गर्दा निम्नलिखित परिधिभित्र सीमित रहेको थियो ।

१) यस अध्ययन अनुसन्धान सप्तरी जिल्लाको मोहनपुर गा.वि.स.मा सिमित रहेको थियो ।

२) मोहनपुर गा.वि.स.मा ९ वडा मध्ये ४ वडामा मात्र यो अध्ययन सिमित रहेको थियो ।

३) ४ वटा केन्द्रमा ५/५ जनाका दरले जम्मा २० सहभागीमा यो अध्ययन सीमित गरिएको थियो ।

४) प्रत्येक केन्द्रका संचालकमध्ये उद्देश्यमूलक नमुनामा पूरा सहभागी भएकाहरुमा आधारित भई २० जनामा यो अध्ययन सीमित गरिएको थियो ।

५) प्रौढ कक्षा आधारभूत तह पार गरिसकेको प्रौढहरुको ५/५ जनाका दरले २० जनामा उपलब्धि हासिल भएको जाँच गरिएको थियो ।

६) उपलब्धी पत्ता लगाउनको लागि अनौपचारिक शिक्षा केन्द्रबाट उपलब्ध प्रश्नहरुको प्रयोग गरिएको थियो ।

## १.६ समस्यामा प्रयोग भएका शब्दको परिचय

### क) प्रौढ शिक्षा

विभिन्न कारणले विद्यालय शिक्षाको अवसर नपाएका तथा पाएर पनि आधारभूत साक्षरता सीप प्राप्त गर्न नसकेका १५-६० वर्ष उमेर समूहकालाई दिइने शिक्षा बुझिन्छ ।

### ख) अनौपचारिक शिक्षा

औपचारिक शिक्षा भन्दा बाहिरको कार्यक्रम, जसमा १५ देखि ६० वर्षका निरक्षरलाई साक्षर बनाउन सञ्चालन गरिने कार्यक्रमलाई बुझिन्छ ।

**ग)	सहभागी**

सहभागी भन्नाले शिक्षा मन्त्रालयको औपचारिक शिक्षा केन्द्रद्वारा सञ्चालित केन्द्रबाट पढ्न आउने निरक्षर प्रौढ ।

**घ)	पार गरेका**

अनौपचारिक शिक्षा केन्द्रको साक्षरताको पहिलो खुड्किलो आधारभूत तह पार गरेका १५-६० वर्षका व्यक्तिलाई जनाउँदछ ।

**ङ)	सहजकर्ता**

प्रौढ कक्षा पढाउन सघाउने शिक्षकको भूमिका निर्वाह गर्ने व्यक्ति ।

उपलब्धि स्तर निर्धारण गर्नको लागि निम्न आधार तयार पारिएको थियो ।

१) न्यून स्तर – ४० भन्दा कम प्राप्ताङ्क भएको

२) मध्यम स्तर – ४० देखि ८० प्राप्ताङ्क भएको

३) उच्च स्तर – ८० भन्दा माथि प्राप्ताङ्क भएको

४) पूर्ण साक्षर – पढाइ, लेखाइ र गणितका समस्या छिटो हल गर्न सक्यो ।

५) साक्षर – सोधिएको प्रश्नको केहीको मात्र उत्तर दिन सक्ने ।

६) औसत साक्षर – ढिलो गरी प्रश्नको जावफ दिने ।

७) आंशिक साक्षर – बारम्बार निर्देशनको जरुरी पर्ने ।

८) निरक्षर – भाषा र गणित तर्फका साधारण चिनारी बाहेकका अन्य सबै पक्षमा कमजोर ।

# परिच्छेद – दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

शोधकार्य गर्न सम्बन्धित साहित्यको पुनरावलोकन गर्नु, समीक्षा गर्नु र त्यसैलाई आधार बिन्दु मानी अनुसन्धान कार्यलाई अगाडि बढाउन उपयुक्त हुने भएकाले यस शोधकार्यसँग सम्बन्धित निम्नलिखित साहित्यको सिंहावलोकन गरिएको थियो ।

अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित साक्षरता विशेषांक (२०६६, पृ. ४८) अन्तर्गत अनौपचारिक शिक्षा कार्यान्वयन तहमा देखापरेका समस्या र निराकरणका उपाय शीर्षक (अवस्थी, पृ. ) को अध्ययनले निम्न समस्याहरु रहेको पाइयो ।

**क) आधारभूत प्रौढ साक्षरता तथा महिला साक्षरता ।**

१) केन्द्र वितरणमा जिल्ला अनौपचारिक शिक्षा समितिको भूमिका भए पनि त्यसका पदाधिकारीहरुमा साक्षरता कक्षाप्रति खासै जानकारी र अभिरुचि नहुनु । जिल्ला विकास समितिको सभापति अध्यक्ष हुने भए पनि स्थानीय विकास अधिकारीबाट अध्यक्षता गर्ने परिस्थितिका कारण अनौपचारिकतामा मात्र सीमित रहनु ।

२) राजनैतिक संयन्त्रहरुमा साक्षरता शिक्षाको महत्व बोध गराउन नसकिनु, त्यसलाई कसैको अस्थायी रोजगारको उपायको रुपमा हेर्ने परिपाटी विकास हुनु ।

३) साक्षरता कक्षाहरुमा स्थानीय निकायहरु गा.वि.स. तथा नगरपालिकाको प्रत्यक्ष संलग्नता नहुनु, सहभागी गराउने प्रयासलाई पनि त्यस्ता नियकाहरुले अतिरिक्त भारको रुपमा ग्रहण गर्नु ।

४) कक्षा सञ्चालन, सहजकर्ताको नियमित निरीक्षकको नियुक्ति तथा तलब भत्ता प्रदान गर्ने कार्य सम्पूर्ण रुपमा स्थानीय निकायमा प्रदान गर्न नसकिनु ।

५) गैरसरकारी संस्थाहरुले सञ्चालन गर्ने गरेको कार्यक्रम या कागजमा मात्र सीमित हुने वा सरकारी तरबबाट सञ्चालन भएकाहरुलाई निस्तेज गर्नेगरी तलब भत्ता दिएर सञ्चालन गरिँदा अरु कार्यक्रम बन्द हुने अवस्था रहेको गुनासो आउने गरेको ।

६) सहजकर्ताहरुमा न्यून पारिश्रमिक र अस्थायी कार्य हुने भएकाले जिम्मेवारीबोध र उत्साह भएको नहुने गुनासो आउने गरेको ।

७) स्थानीय तहमा नै प्रभावकारी अनुगमन संयन्त्र निर्माण र परिचालन हुन नसकेको ।

८) साक्षरता कक्षाका कार्यक्रमहरु सामान्यतया पुस माघ पछि सञ्चालन हुने । पुस्तक ढिला प्राप्त, जैठ महिनादेखि खेतीपातिको काम सुरु हुने हुनाले कक्षा छोड्ने अवस्था रहेको छ ।

९) जिल्लाका दुर्गम क्षेत्रमा साक्षरता कक्षा सञ्चालन गर्न सहजकर्ता नै नपाइने र टाढाबाट न्यून पारिश्रमिकमा काम गर्ने चाहना कसैमा नहुने भएको ।

**ख) वैकल्पिक प्राथमिक शिक्षा**

१) तीन वर्षमा कक्षा सकिने हुँदा समुदायमा आकर्षण नएको ।

२) विद्यालयको विस्तार भइसकेको क्षेत्रमा नै कार्यक्रम जाने हुँदा विद्यालय र केन्द्रमा उही विद्यार्थी हुने गुनासो सुनिने गरिएको ।

३) मातृ विद्यालयलाई प्रशासनिक अधिकार दिइँदा केन्द्र सहजकर्ता र मातृ विद्यालयबीच कटुता देखिने गरेको ।

**ग) प्रौढहरुका लागि वैकल्पिक प्राथमिक शिक्षा**

१) कक्षा सुरुवात हुने बेलामा सहभागहिरुमा उत्साह भए पनि क्रमश: कक्षामा नियमितता घट्दै जाने गरेको ।

२) बेलैमा पुस्तक नपुग्दा पठनपाठनमा समस्या देखिएको ।

३) स्थान अभाव समयपालनमा समस्या आदि देखिने गरेको ।

४) कार्यक्रम समुदायको आवश्यकतामा आधारित बन्नु भन्दा पनि सरकारी कार्यक्रमको रुपमा आएको मानिने गरिएको ।

५) अन्य निकायहरुबाट सहयोग जुटाउन नसकिएको ।

**घ) खुल्ला शिक्षा**

१) सहभागीहरुको निरन्तरता प्राप्त गर्न कठिनाइ ।

२) स्रोत साधनमा पहुँच भए नभएको र अध्ययनका क्रममा देखापर्ने समस्या सम्बन्धी जानकारी समयमै केन्द्रसम्म आउन नसकेको ।

३) उपलब्धि सम्बन्धी विशिष्ट मापनीय सूचक बनाउने काम भइनसकेको ।

४) खुला सिकाइ सञ्चालन गरिने विद्यालयहरुको पूर्वाधार र जनशक्ति व्यवस्थापनमा सुधार हुन बाँकी रहेको ।

अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित साक्षरता विशेषांक २०६४ अन्तर्गत अनौपचारिक शिक्षा मुद्दा (पौडेल, पृ. ६०) शीर्षक अन्तर्गत निम्न मुद्दा र चुनौती रहेको कुरा उल्लेख गर्नु भएको छ :-

**क) कक्षा छाड्ने** : अनौपचारिक शिक्षा भित्रको यो प्रमुख समस्याका रुपमा रहेको छ । अनौपचारिक कक्षाको बीचैमा छाड्ने एक चरणको शिक्षाबाट अर्को चरणको शिक्षामा सामेल नहुने, कहिले आउने कहिले नआउने जस्ता व्यवहारहरु प्राय: सबै खाले अनौपचारिक शिक्षा कार्यक्रममा देखिने गरेको छ । कसरी कक्षा छाड्ने दरमा कमी ल्याउने र निरन्तर रुपमा अनौपचारिक शिक्षामा प्रतिबद्ध गराउने कार्य अनौपचारिक शिक्षाका लागि प्रमुख चुनौतीको रुपमा रहेको छ ।

ख) पाठ्यपुस्तक विकेन्द्रीकृत रुपमा स्थानीय आवश्यकतामा आधारत भई सिकाइको चाहना अनुरुप अत्यधिक सहभागीमूलक पद्धतिका आधारमा अनौपचारिक शिक्षाका पाठ्यपुस्तकको विकास गर्ने र यसलाई समावेशी बनाउने कार्य अर्को चुनौती हो ।

**ग) अनुगमन तथा सुपरिवेक्षण** : अनुगमन तथा सुपरिवेक्षण फितलो छ । यसका लागि छुट्टै संरचना विकसित हुन सकेको छैन ।

**घ) सूचना व्यवथापन** : अनौपचारिक शिक्षासँग सम्बन्धित निरक्षरता संख्या नक्सांकन कुल सहभागिता आय आर्जन कार्यमा लागेको साक्षरताका लागि आतुर संख्याको व्यवस्थित रुपमा सूचना संकलन, प्रशोधन र प्रयोग गर्न सकिएको छैन ।

**ङ) मूल्याङ्कन** : अनौपचारिक शिक्षाको मूल्यांकन पद्धति औपचारिक बन्न गएको परिस्थिति ।

**च) कक्षा सञ्चालन** : अनौपचारिक शिक्षाका कक्षाहरुको सञ्चालन ग्रामीण विकट स्थानमा हुने गर्दछ । कक्षा सञ्चालनका लागि चयन गरिने सहयोगी कार्यकर्ता स्थानीय हुनुपर्ने अवस्था छ । यसले स्थानीय तहमा योग्य सहजकर्ताको प्राप्ति हुन नसकेको तीतो अनुभव समेत रहेको छ ।

**६) आर्थिक स्रोत :** अनौपचारिक शिक्षाको लागि प्रशस्त मात्रामा आर्थिक भार पर्दछ, तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतफर्क निर्भर हुने प्रकृति बनि सकेको छ । स्थानीय तहमा स्रोत संकलन तथा परिचालन हुन सकेको छैन । आर्थिक रुपमा सक्षम केन्द्र सञ्चालन गर्ने व्यवस्थित पद्धतिको विकास गर्ने कार्य अर्को चुनौती हो ।

जोशी २०६४ का अनुसार शीर्षक अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिला सहभागीहरुको अवस्था र त्यसको प्रभावकारिता अन्तर्गतको शोधपत्रअनुसार :-

प्रौढ शिक्षामा अनियमित हुने महिला औसतमा ५.३ जना अर्थात् १७.४ प्रतिशत देखियो । बिचैमा कक्षा छाड्ने महिलाहरुमा १६.६ प्रतिशत भेटिए भने ५ प्रतिशत पुरुषले बिचैमा कक्षा छाड्ने गरेको पाइयो । नगरपालिका ६.६ प्रतिशतले कक्षा छोडेको पाइयो भने गा.वि.समा २२.५ प्रतिशतले कक्षा छोडेको पाइयो । त्यस्तै गरेर व्यावहारिक जीवनमा प्रौढ साक्षरता कार्यक्रमले ल्याएका परिवर्तनहरु औसतमा ३३ प्रतिशतले गाडीको नम्बर चिनेका, ४५ प्रतिशतले साधारण चिठी लेख्न र पढ्न सकेका, ५५ प्रतिशतले आगोले पोलेको साधारण उपचार गर्ने जानेका, ३९ प्रतिशतले करेसाबारीको उचित व्यवस्थापन गर्न जानेका, टेलिफोनको नम्बर डायल गर्न जान्ने भएका, ४५ प्रतिशत ठूलो अक्षर भएका सूचना पढ्न सक्ने, ४२ प्रतिशत, साधारण जोडघटाउ जान्ने ४० प्रतिशत सक्षम भएको पाइयो ।

बिष्ट २०६३ अनुसार, उनको अनौपचारिक प्रौढ शिक्षा उत्तीर्ण प्रौढहरुको शैक्षिक स्तर शोधपत्रमा निम्न कुरा उल्लेख गरेको पाइयो :-

प्रौढ साक्षरता आधारभूत तह उत्तीर्ण प्रौढहरुको औसत शैक्षिक उपलब्धि स्कोर ५०.६ मात्र रहेको पाइयो । भाषिक सीप तर्फको औसत उपलब्धि स्कोर ४२.९४ रहेको छ ने गणितीय आधारभूत ज्ञान तथा सीप क्षेत्रको औसत स्कोर ५०.६२ रहेको पाइन्छ । प्रौढ साक्षरहरुको स्तर वर्गीकरण गर्दा ४ जना प्रौढहरु मात्र साक्षर हुन सकेको र ६ जना प्रौढहरु साक्षरको श्रेणीमा रहेको पाइन्छ । दैनिक व्यवहारमा साक्षरताको उपयोगको स्थिति अवलोकनबाट सरसफाइको अवस्था र रुपैया पैसा चिन्न सक्ने क्षमता भएको प्रौढहरुको साथ ७६ प्रतिशत र ८० प्रतिशत रहेको पाइयो । करेसावारी र वृक्षारोपण गर्ने प्रौढहरु ३६

प्रतिशत रहेको देखियो भनेर उल्लेख गर्नु भएको छ । साथै सो शोधपत्रमा खसहरुको शैक्षिक स्तर कमजोर रहेको छ ।

त्यस्तैगरी अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकातित साक्षरता विशेषांक २०६६ अन्तर्गत नेपालमा अनौपचारिक शिक्षाको साक्षरता स्थिति र हाम्रो प्रयास (सुवेदी, पृ. ५३) शीर्षक अन्तर्गत निम्न साक्षरता स्थिति उल्लेख गरिएको छ :-

अनौपचारिक शिक्षा नीति जुन २०६३ माघ २५ मा मन्त्रीपरिषद्बाट स्वीकृत भएको थियो यसमा १६ वटा नीति र विभिन्न रणनीतिहरु उल्लेख छन् । ती नीतिमा अनौपचारिक शिक्षाको क्षेत्र विस्तार गर्ने, अनौपचारिक शिक्षा सरह मान्यता भएको अनौपचारिक शिक्षा प्रदान गर्ने मागमा आधारित कार्यक्रम सञ्चालन गर्ने, सामुदायिक अध्ययन केन्द्र मार्फत शिक्षामा पहुँच गुणस्तर क्षमता प्राप्त गर्ने, विकेन्द्रीकृत कार्यक्रम कार्यान्वयन र सुपरिवेक्षण गर्ने विभिन्न निकायबीच साझेदारी, सजाल र समन्वय गरी ती कार्यक्रम मार्फत साधन स्रोत जुटाउने अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने र संस्थाहरुको तथ्याङ्क भण्डार बनाउने निरक्षरता उन्मूलन गर्न साक्षरता अभियान चलाउने भन्ने मुख्य रहेका छन् (अनौपचारिक शिक्षा नीति, २०६३) । (नेपाल सरकार, शिक्षा मन्त्रालय)

पूर्व शोधपत्रलाई अध्ययन गर्दा प्रौढ कक्षामा सहभागी महिलाहरुको सहभागिता र प्रभावकारिता सम्बन्धमा गरिएको शोध अध्ययनबाट महिलाहरु साधारण लेखपढ गर्न सक्षम रहेको टेलिफोन नं. डायल गर्न सक्षम भएको र साथै घर आँगन सफा गर्न सरसफाइ सम्बन्धी ज्ञान, सिप बढेको पाइन्छ । साथै महिलाहरुको आधारभूत तह उत्तीर्ण गरेकाको औसत उपलब्धि स्तरलाई देखाइएको छ यी विभिन्न शोधहरुबाट आएका तथ्याङ्कहरुलाई कसरी व्यवस्थित गर्ने तालिकाको क्रम कसरी मिलाउने र उद्देश्य अनुसार विषयवस्तु कसरी मिलाउने भन्ने बारेमा सहयोग पुग्यो ।

मेरो शोधपत्रमा महिला सहभागिता सम्बन्धमा प्रेरणा दिने व्यक्ति, कक्षामा सिकाइ सम्बन्धमा सक्रियता साथै गृहकार्य गर्न सघाउने व्यक्तिका साथै सहभागी त्यसमा कत्तिको

रुचि देखाउँछन् । साथै सहभागी महिलाहरु सामाजिक कार्यप्रति कत्तिको तल्लीन हुँदा रहेछन् त भनी यस शोधमा दिने प्रयास गरेकी छु । साथै सम्पूर्ण शोधपत्रमा सहभागिता र उपलब्धिलाई छुट्टै छुट्टै शीर्षकका रुपमा अनुसन्धान गरिएको छ । तर म यी दुवैलाई एकै ठाएँमा आबद्ध गरी अध्ययन अनुसार गरेकी छु । यी माथिका कुराहरुका आधारमा यो भन्न सक्छु कि अन्य शोधपत्रका तुलनामा मेरो शोधपत्र बढी स्तरयुक्त हुने मैले ठानेकी छु ।

# परिच्छेद – तीन

## अनुसन्धान विधि

### ३.१ अनुसन्धान ढाँचा

अनुसनधान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, अनुसन्धानको किसिम जस्ता विभिन्न पक्षहरुमा निर्भर गर्दछ । यो अनुसन्धान गुणात्मक तथा परिमाणात्मक पक्षमा आधारित रहेको थियो ।

| क.सं. | उद्देश्य | उत्तरदाता | अध्ययनको साधन |
|---|---|---|---|
| १ | सहभागीको पारिवारिक, सामाजिक, जातीय, व्यावसायिक अवस्था पत्ता लगाउनु । | सहभागी र सहजकर्ता | अन्तर्वार्ता प्रश्नावली |
| २ | सहभागीको अनियमितता र कक्षा छाड्ने कारण पत्ता लगाउनु । | प्रौढ साक्षरहरु आधारभूत तह पूरा गरेका | अन्तर्वार्ता प्रश्नावली |
| ३ | आधारभूत तथा उत्तीर्ण प्रौढहरुको उपलब्धि स्तर पत्ता लगाउनु । | सहभागी र सहजकर्ता | अन्तर्वार्ता प्रश्नावली |

### ३.२ तथ्याङ्क स्रोतहरु

अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिला सहभागिता स्थिति र यसको उपलब्धि अध्ययन विषय अनुसन्धान गर्नका लागि निम्न २ किसिमका स्रोतबाट तथ्याङ्क संकलन गरिएको थियो ।

#### ३.२.१ प्राथमिक स्रोत

सहभागी महिला, सहयोगी कार्यकर्ता र सम्बन्धित केन्द्रकर्ताका सहजकर्ताका लागि निर्माण गरिएको अन्तर्वार्ताबाट आएका सूचनाहरु साथै प्रश्नावलीबाट आएका तथ्याङ्कहरु कार्यकर्ताले प्रयोग गरेको हाजिरी पुस्तिका समेत प्राथमिक स्रोत मानिएको थियो ।

### ३.२.२ सहायक स्रोत

अनौपचारिक शिक्षासँग सम्बन्धित कृतिहरु, लेख, रचनाहरु, शिक्षा सम्बन्धी प्रतिवेदनहरु, अनौपचारिक शिक्षा केन्द्रबाट प्रकाशित हुने बुलेटिनहरु तथा यस विषय अन्तर्गत पूर्व समयमा भएका शोधपत्रहरु तथा अन्य जानकारीलाई लिइएको थियो ।

## ३.३ अध्ययनको जनसंख्या

यस अध्ययन कार्यलाई योजनाबद्ध तथा व्यवस्थित किसिमले सम्पन्न गर्नका लागि आ.व. २०६६।०६७ मा सप्तरी जिल्लाको मोहनपुर गा.वि.स. मा सञ्चालित ९ वडा मध्ये ४ वडा प्रौढ साक्षरताकेन्द्रहरुमा सहभागी भएका प्रौढहरुलाई साथै प्रौढ कक्षा पार गरेका प्रौढहरुको शैक्षिक उपलब्धि जाँच गर्न ५/५ जनाको दरले २० जनालाई अध्ययनको नजसंख्यामा समावेश गरिएको थियो ।

## ३.४ नमुनाको छनोट प्रक्रिया

यस शोध अध्ययनका लागि निम्न अनुसार नमुनाको छनोट गरिएको थियो ।

**केन्द्र**

साधनकर्ताको चिनजान भएको र बढि प्रौढ शिक्षा संचालन भएको र हाल अध्ययन सहजकर्ताको सम्बन्धित हुने प्रक्रियामा आधारित भई सप्तरी जिल्लाको मोहनपुर गा.वि.स. जम्मा ९ वडा मध्ये ४ वटा वडालाई छनोट गरिएको थियो ।

**सहभागीहरु**

प्रत्येक वडाबाट ५/५ जनाको दरले जम्मा २० जना सहभागी प्रौढहरुलाई पनि Random Sampling छनोट विधिका आधारमा छनोट गरिएको थियो । साथै आधारभूत तह पूरा गरेका २० जना प्रौढहरुलाई उद्देश्यमूलक छनोटका आधारमा छनोट गरिएको थियो ।

**सहजकर्ताहरु**

सम्बन्धित ४ वटा वडाका सहजकर्ताहरु जम्मा ४ जनालाई प्रौढहरुको अनियमितता बारे बुझ्न छनोट गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरु

यस अध्ययन अनुसनधानका लागि निम्न साधनहरु प्रयोग गरिएको थियो ।

### ३.५.१ अन्तर्वार्ता प्रश्नावली (सहभागीका लागि)

अनौपचारिक शिक्षामा महिलाहरुको वर्तमान स्थिति पत्ता लगाउन सहभागी महिलाका लागि अन्तर्वार्ता लिइएको थियो । (अनुसुची - ३)

### ३.५.२ परिक्षण (पूरा गरेकाका लागि)

यस अध्ययन तथा अनुसन्धानका लागि तथ्याङ्क संकलन गर्न आधारभूत तह पूरा गरेका का लागि प्रश्नावली तयार पारिएको थियो । (अनुसुची - १)

### ३.५.३ उपलब्धि मापन परिक्षण

परिक्षणको प्रश्नहरु पाठ्यक्रमको आधारमा तयार पारिएको थियो । (अनुसुची - १)

## ३.६ साधनको वैधता निर्धारण

कुनै पनि अध्ययन अनुसन्धानका लागि तथ्याङ्कका साधनहरु उद्देश्यसँग सम्बन्धित सूचनाहरु, अन्तर्वार्ता, प्रश्नावली, अवलोकन, लक्षित समूह छलफल प्रयोग गरी उक्त साधनलाई वैध बनाउनका लागि सहपाठी शिक्षक विषय विशेषज्ञहरु बुद्धिजीवी आदिसँग सोधपुछ गरी छलफल गरी त्यसबाट प्राप्त सही निष्कर्षका आधारमा शोध निर्देशकको सल्लाह र परामर्श अनुसार सुझाव बमोजिम सूचना संकलन कार्यमा प्रयोग गरिएको थियो ।

१) सम्बन्धित विषय विशेषज्ञको सुझाव अनुसार साधन निर्माण गरिएको थियो ।

२) सम्पूर्ण अध्ययनको उद्देश्य प्राप्त गरिने गरी साधनको निर्माण गरिएको थियो ।

३) सहकर्मी सहपाठीको सल्लाह र सहयोगबाट आएका निष्कर्षको प्रयोग गरी वैधता कायम गरिएको थियो ।

४) शोध निर्देशकको सुझाव अनुसार साथै सम्बन्धित विभिन्न शोध अध्ययन गरी साधनको वैधता कायम गरिएको थियो ।

## ३.७ सूचनाको व्याख्या र विश्लेषण

यस अध्ययनका लागि प्राथमिक स्रोत, प्रश्नावली, अन्तर्वार्ताबाट प्राप्त सूचनाहरु गुणात्मक हुने भएकाले त्यसको व्याख्या विश्लेषणात्मक रुपमा गरिनेछ भने केही सहायक स्रोतबाट प्राप्त तथ्याङ्क गणितीय तथा परिमाणात्मक हुने हुनाले अध्ययन कार्यमा गुणात्मक तथा परिमाणात्मक पक्ष दुवै प्रयोग गरिएको छ ।

# परिच्छेद चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययन अनुसन्धानका क्रममा महिला सहभागीहरूको पारिवारिक, व्यावसायिक, सामाजिक, वैवाहिक, जातिगत तथा उमेरगत अवस्थाका विषयमा साथै प्रौढ कक्षामा प्रौढ महिलाहरूको कक्षामा सक्रियताका अतिरिक्त कक्षामा नियमितता तथा कक्षा छाड्ने कारणहरू तथा कक्षा पास गरिसकेपछि प्रौढहरूको उपलब्धि स्तर सम्बन्धमा प्राप्त तथ्याङ्कलाई निम्नअनुसार व्याख्या तथा विश्लेषण गरिएको थियो ।

## ४.१ सहभागीहरूको पारिवारिक, सामाजिक, व्यावसायिक, जातीय, उमेर विवाहिक अवस्था

प्रौढ कक्षा पढ्न प्रायः कस्ता सामाजिक, व्यावसायिक जातिगत उमेर समूहका सहभागी आउँदा रहेछन् त भनी सहभागीहरु २० जनालाई अन्तर्वार्ताको आधार बनाइएको अन्तर्वार्ताबाट आएका सूचनाहरुलाई निम्न रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

**सहभागीहरूको पेशा सम्बन्धी विवरण**

सहभागीहरु प्रायः कुन पेशाबाट (कृषि, व्यापार, मजदुरी) प्रौढ कक्षा पढ्न आउँदा रहेछन् त भनी सहभागीहरुलाई नै अन्तर्वार्ता लिइएको थियो जुन निम्नानुसार व्याख्या गरिएको छ ।

सहभागीहरुको पेशासम्बन्धी विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.१**

**सहभागीहरूको पेशासम्बन्धी विवरण**

| क्र.सं. | पेशा | सहभागीको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १४ | ७० |
| २ | व्यापार | १ | ५ |
| ३ | मजदुरी (रिक्सा/लेवर) | ३ | १५ |
| ४ | अन्य | २ | १० |
| जम्मा | | २० | १०० |

*श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।*

माथिको तालिकाबाट सबैभन्दा बढी सहभागी कृषि क्षेत्रमा देखिए जसमा ७० प्रतिशत पाइयो भने मजदुरीमा जम्मा १५ प्रतिशत र अन्य १० प्रतिशत  र व्यापारमा ५ प्रतिशत् देखियो । माथिको तालिकाबाट सबैभन्दा कम सहभागी व्यापारमा ५ प्रतिशत पाइयो । अतः कृषि क्षेत्रमा निर्भर रहे पनि खेतको काम सकेर प्रौढ कक्षातिर आकर्षित र पढ्नुपर्छ भन्ने भावनाको विकास कृषकहरुमा बढी पाइएको छ । व्यपारमा लागेका प्रौढ शिक्षामा कम मात्रामा सहभागी आएको पाइन्छ ।

**सहभागीहरूको उमेर, जाति, वैवाहिक स्थिति विवरण**

प्रौढ कक्षा पढ्न प्रायः कस्ता उमेर समूहका संलगता के कस्तो छ ? महिलाहरुको वैवाहिक स्थिति कस्तो छ ? भनी सहभागीहरुलाई अन्तर्वार्ता तथा सहजकर्ताको सहयोगबाट भनी हेरिएको थियो । प्रौढ महिला शिक्षा कार्यक्रममा १५-४५ वर्ष उमेरका महिला सहभागी हुन सक्छन् । अध्ययन क्षेत्रमा महिलाहरुका सहभागी निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.२**

**वैवाहिक अनुसार विवरण**

| | १५-२० | २०-२५ | २५-३० | ३०-३५ | ३५-४० | ४०-४५ | ४५-५० | ५०-५५ | ५५-६० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विवाहित | - | - | - | २ | ३ | १ | २ | ३ | २ | १३ |
| अविवाहित | २ | ५ | - | - | - | - | - | - | - | ७ |

***श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।***

माथिको तालिका अनुसार सबैभन्दा बढी उमेर सहभागी महिला सञ्जु देवी सदाय ५७ वर्ष देखिन्छन् भने सबै भन्दा कम सरस्वती कुमारी सदाय १८ वर्षीय साथै २०-२५ अन्तर्गत ५ वटा अविवाहित महिला सहभागी देखिन्छ । सबै भन्दा बढी विवाहित महिलाहरु १३ जना कूल संख्याको ६५ प्रतिशत र अविवाहित ७ जना कूल संख्याको ३५ प्रतिशत देखिन्छ । यस तालिकाको आधारमा कम उमेरका महिलाला औपचारिक विद्यालयमा अध्ययन गर्छ । विवाहित महिला अनौपचारिक प्रौढकक्षाको अध्ययनको आधारमा कम पाउदछ भने अनुमान गर्न सकिन्छ । प्रौढ महिलाको लागि कार्यक्रम भए तापनि १५ वर्ष भन्दा बढी उमेरका सहभागीहरु हुन आएका देखियो ।

जाति अनुसार सहभागीहरुको विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.३**

**जाति अनुसार विवरण**

| क्र.सं. | जाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आदिवासी | १० | ५० |
| २ | दलित | ७ | ३५ |
| ३ | अन्य | ३ | १५ |
| | जम्मा | २० | १०० |

*श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।*

माथिका तालिका अनुसार सहभागी महिलामा सब भन्दा बढी आदिवासी १० जना (५० प्रतिशत) त्यसैगरी दलित ७ जना (३५ प्रतिशत) र अन्य ३ जना (१५ प्रतिशत) पाइयो । यसबाट स्पष्ट हुन्छ आदिवासी बढी देखिन्छ किनभने आदिवासीको संख्या बढी देखियो र पढ्न पनि इच्छुक देखियो तर दलित जातिहरु गरिबका कारणले र त्यहा कम बसोबास भएको हुनाले पनि कम देखा पर्‍यो ।

**सहभागीको पारिवारिक किसिम**

प्रौढ सहभागीहरुको पारिवारिक किसिम पत्ता लगाउन सहभागीहरुलाई नै परिवारमा को को हुनुहुन्छ भनी सोधिएको थियो जसलाई निम्न तालिकामा व्याख्या विश्लेषण गरिएको छ ।

**तालिका नं. ४.४**

**सहभागीको पारिवारिक किसिम**

| क्र.सं. | किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संयुक्त | ४ | २० |
| २ | एकल | १६ | ८० |
| | जम्मा | २० | १०० |

*श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।*

यहाँ संयुक्त परिवार भन्नाले सासु, ससुरा, दाजु, भाइ, दिदी, बहिनी सबै जना संगै बसोबास गर्ने परिवारलाई मानिन्छ । एकल परिवार भन्नाले श्रीमान्, श्रीमती, छोराछोरी मात्र रहेको परिवारलाई जनाउँदछ ।

माथिको तालिका अनुसार सबैभन्दा बढी सहभागी एकल परिवारका १६ जना (८० प्रतिशत) र संयुक्त परिवारका ४ जना (२० प्रतिशत) रहेको पाइयो । जसमा सहभागीहरु बढी एकल परिवारका प्रौढ कक्षामा संलग्नता पाइयो । यसबाट स्पष्ट छ कि बढी सहभागीहरु एकल परिवारबाट आएको देखिन्छ किनभने त्यस क्षेत्रमा एकल परिवारको संख्या बढी रहेको कारणले गर्दा एकल परिवारको सहभागी बढी रहेको देखिन्छ । एकल परिवारमा रहे पनि घरको कामका साथसाथै प्रौढ कक्षामा पनि सहभागी हुनु भनेको निकै राम्रो मान्न सकिन्छ । त्यस क्षेत्रमा एकल परिवारमा ठूलो परिवारमा भन्दा बढी सानो परिवारमा मेलमिलाप हुने र बढी समझदारी हुने भएकाले एकल परिवारका बढी सहभागी भएको अनुमान लगाउन सकिन्छ ।

नतिजा स्थिति अनुसार सहभागीहरुलाई १०० पूर्णाङ्कमा प्रश्नपत्र निर्माण गरि उपलब्धीको लेखाजोखा गरिएको थियो । जस अनुसार प्राप्ताङ्क ३२ लाई उत्तीर्ण भनिएको थियो ।

सोहि नतिजा अनुसार निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.५**

**उत्तीर्ण अनुत्तीर्ण अनुसार विवरण**

| क.सं. | | उत्तीर्ण | | अनुत्तीर्ण | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | विवाहित | ८ | ६१.५३ | ५ | ३८.४७ | १३ |
| २ | अविवाहित | ५ | ७१.७३ | २ | २८.५७ | ७ |

*श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।*

माथिको तालिका अनुसार विवाहित सहभागी जम्मा १३ जनामा पास ८ जना (६१.५३) प्रतिशत), फेल ५ जना (३८.४७ प्रतिशत) र अविवाहित सहभागी जम्मा ७ जनामा

पास ५ जना (७१.७३ प्रतिशत), फेल २ जना (२८.५७ प्रतिशत) पाइयो । प्रतिशतको हिसाबमा अविवाहित सहभागी बढी सक्षम देखिन्छ ।

## ४.२ कक्षा सञ्चालन हुने दिन, संख्या, कक्षा छाड्ने संख्या तथा छाड्ने कारणहरु

सहभागीको नियमितता के कति छ, कक्षा छाड्ने कारण कस्ता रहेछन् त भनी सहभागी तथा सहजकर्तालाई सहभागीको अनियमितता, कक्षा छाड्ने स्थिति र कक्षा संचालन हुने दिन र समय सोधिएको थियो जुन तल व्याख्या र विश्लेषण गरिएको थियो ।

**महिनामा कक्षा सञ्चालन हुने समय र दिन**

अनौपचारिक शिक्षा केन्द्रले नै आधारभूत साक्षरताका लागि तोकिदिएको समय र दिन तोकिएको पाइन्छ । यस सन्दर्भमा केन्द्रबाट तोकिएको समय र दिन अनुसार कक्षा संचालन भए नभएको सम्बन्धमा देखाइएको छ । सहजकर्तालाई सोधिएको अन्तर्वार्ता, प्रश्नावलीबाट आएको तथ्याङ्क तल तालिकामा राखिएको छ ।

**तालिका नं. ४.६**

**महिनामा कक्षा सञ्चालन हुने समय र दिन**

| गा.वि.स. मोहनपुर | महिनामा २६ दिनमध्ये कक्षा सञ्चालन भएको दिन | | २ घण्टामध्ये पढाइ भएको समय | प्रतिशत (%) |
|---|---|---|---|---|
| | दिन | प्रतिशत | | |
| वडा नं. १ | १८ | ६९ | १.३० | ७५ |
| वडा नं. २ | २१ | ८० | २.०० | १०० |
| वडा नं. ३ | १६ | ६१ | २.०० | १०० |
| वडा नं. ४ | १८ | ६९ | २.०० | १०० |

*श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।*

माथिको तालिका अनुसार सबैभन्दा बढी महिना पढाइ सञ्चालन हुने वडा नं. २ मा २१ दिन (८० प्रतिशत) पाइयो भने सबै भन्दा कम कक्षा संचालन १६ दिन (६० प्रतिशत) वडा नं. ३ मा पाइयो । त्यसैगरी दिन मा २ घण्टा पढाइ हुनुपर्नेमा जम्मा ३ वटा वडामा

पूरा २ घण्टा पढाइ भएको र एउटा वडामा डेढ घण्टा कक्षा संचालन भएको पाइयो । यसबाट स्पष्ट हुन्छ कि कक्षा संचालनमा नियमितता पाए तापनि एउटा वडामा कम मात्रा शिक्षण शिकाइ भएको देखिन्छ । किनभने त्यहाँको सहभागीहरुको समस्याको कारणले गर्दा अर्थात उहाँहरुलाई अरु काम गर्ने भएकाले जस्तै अर्काको काम गर्नु, इट्टाभठामा काम गर्ने र दाउरा काट्न जानेहरु बढी देखियो ।

**प्रौढ कक्षामा अनियमित तथा कक्षा छाड्ने संख्या**

सहभागीको भर्ना अनुसार नियमितता अनियमितता कस्तो छ ? भर्ना मात्र हो कि त्यसमा बिचैमा कक्षा के कतिले बिचैमा छोड्ने छन् र बिचैमा कक्षा छोड्ने कारण के कस्ता हुन सक्छन् भनी सहभागी साथीहरुलाई सोधिएको थियो । साथै कक्षा छोड्ने सहभागीहरुको संख्या पत्ता लगाउन सहजकर्ताको मद्दतले हाजिरी हेरी निकालिएको तथ्याङ्क तल व्याख्या गरिएको छ ।

**तालिका नं. ४.७**

**प्रौढ कक्षामा अनियमितता महिलाको स्थिति**

| क्र.सं. | केन्द्रको नाम | जम्मा संख्या | अनियमितता संख्या | प्रतिशत | अन्त्यको सहभागी संख्या | कक्षा छाड्नेको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. १ | २० | ७ | ३५ | १८ | २ | १० |
| २ | वडा नं. २ | २० | ६ | ३० | १७ | ३ | १५ |
| ३ | वडा नं. ३ | २० | २ | १० | १५ | ४ | २० |
| ४ | वडा नं. ४ | २० | ६ | ३० | १२ | ८ | ४० |
|  | जम्मा | ८० | २१ | २६ | ५२ | १७ | २२ |

*श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।*

माथिको तालिका अनुसार प्रौढ कक्षामा अनियमित महिलाको संख्या औषतमा २१ जना २६ प्रतिशत महिला अनियमित देखियो । बीचमा छाडेको पछि फेरि कक्षामा आएको संख्या पर्दछन् ।

माथिको तथ्याङ्कलाई गणना गर्दा ८० जना सहभागीहरूमध्ये बिचैमा कक्षा छाड्ने जम्मा १७ जना (२२ प्रतिशत) पाइयो । त्यस्तै तथ्याङ्क अनुसार महिलाहरू धेरैजसो घरकै काममा व्यस्त रहनु पर्ने बालबच्चा तथा सुत्केरीको कारण अविवाहित महिलाको तुलनामा

विवाहित महिला बिचैमा कक्षा छोडेको पाइयो । ८० सहभागीमध्ये ५२ प्रतिशत कक्षा छोडेको पाइयो । यसबाट स्पष्ट हुन्छ कि ८० सहभागीहरुमध्ये २२ प्रतिशत कक्षा छाडेको भनेको नराम्रो मान्न सकिँदैन ।

**सहभागीहरूको बिचैमा कक्षा छाड्ने कारणहरू**

बिचैमा कक्षा छाडनेहरुलाई कक्षा छोडनु परेको कारण बारे थाहा पाउन छोडनेहरुलाई सम्पर्क गरेको थियो । बिचैमा कक्षा छाडने कारणहरु के के हुन् सहभागीहरुलाई नै सोधिएको थियो जसबाट प्राप्त कारण तल तालिकामा व्याख्या गरिएको छ ।

**तालिका नं. ४.८**

**सहभागी साथीले बिचैमा कक्षा छाड्ने कारणहरू**

| **क.सं.** | **कारणहरू** | **सहभागी** | **प्रतिशत** |
|---|---|---|---|
| १ | बालबच्चा सानो भएकाले | १० | ५० |
| २ | घरको काम धेरै भएकाले | ३ | १५ |
| ३ | विवाह भई जान परेकाले | १ | ५ |
| ४ | टाढा भएकाले (केन्द्र) | ४ | २० |
| ५ | सुत्केरी भएकाले | २ | १० |
| | जम्मा | २० | १०० |

***श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।***

माथिको तथ्याङ्क अनुसार बालबच्चा सानो भएकाले हेरविचार गर्दा ५० प्रतिशत, त्यस्तैगरी सुत्केरी भएकाले १० प्रतिशत, केन्द्र टाढा भएका कारणले ५ प्रतिशत, छोरीहरु विवाह भई जानु परेकाले २० प्रतिशतले र घरको काम धेरै भएका कारणले १५ प्रतिशतले कक्षा छाडेको पाइयो । माथिको तालिका अनुसार प्रायः विवाहित महिला बालबालिका हेर्नका लागि कक्षा बिचैमा छाड्ने देखियो ।

## ४.३ प्रौढ साक्षरता उत्तीर्ण प्रौढहरूको शैक्षिक उपलब्धि

यस शोध अध्ययनमा प्रौढ साक्षरता आधारभूत तह उत्तीर्ण गरेका सहभागीहरूले नेपाली भाषाका सबै स्वर व्यञ्जन र आधारभूत चिन्हहरू चिन्न सक्षम भए नभएको र

चलन चल्तीको सरल शब्दहरू र ती शब्दहरूबाट बनेका वाक्यहरू पढ्न र त्यसको अर्थ बताउन तथा सरल भाषामा लेखिएका अनुच्छेद चिठीपत्र आदि पढ्न सक्ने पढाइ सीप कस्तो रहेको छ ? के उनीहरूले साधारण गणितीय क्रियाहरू (जोड, घटाउ, गुणन, भाग आदि) गर्न सक्छन् भन्ने जानकारी प्राप्त गर्न लिइएको लिखित परीक्षाबाट प्राप्त अंकहरूको आधारमा तथ्याङ्कीय विवेचना प्रस्तुत गरिएको छ ।

स्तर निर्धारण गर्न शिक्षा विकास तथा अनुसन्धान केन्द्रले वि.सं. २०३७ मा गरेको कार्यमूलक प्रौढ शिक्षाको मूल्यांकन अध्ययनको प्रतिवेदनलाई आधार बनाइएको छ । त्यसैगरी अनौपचारिक शिक्षाको पाठ्यक्रम २०५२ मा उल्लेख गरिएअनुसार अंकभार तोकिएको छ ।

- ०–२० अंक प्राप्त गर्ने प्रौढहरूलाई निरक्षरको समूहमा भाषा तर्फका साधारण शब्द र गणित तर्फका साधारण अंकको चिनारी बाहेक अन्य सबै पक्षमा कमजोर प्रौढहरूलाई यस श्रेणीमा राखिएको छ ।
- ३०–४० अंक प्राप्त गर्ने प्रौढहरूलाई आंशिक साक्षरको समूहमा वर्गीकरण गरिएको छ । भाषा तथा गणितका समस्या समाधान गर्न बारम्बार सल्लाह र निर्देशनको जरुरत पर्ने प्रौढहरूलाई यस श्रेणीमा राखिएको छ ।
- ५०–६० अंक प्राप्त गर्ने प्रौढहरूलाई औसत साक्षरको समूहमा वर्गीकरण गरिएको छ । ढिलो गरी प्रश्नको उत्तर दिने, भाषा तथा गणितका समस्या हल गर्न कठिनाइ पर्ने प्रौढहरूलाई यस श्रेणीमा राखिएको छ ।
- ७०–८० अंक प्राप्त गर्ने प्रौढहरूलाई साक्षरको समूहमा वर्गीकरण गरिएको छ । सोधिएका प्रश्नहरूमध्ये कुनै प्रश्नको जवाफ दिन नसक्ने र अधिकांश प्रश्नको सही उत्तर दिन सक्ने प्रौढहरूलाई यस श्रेणीमा राखिएको छ ।
- ८०–१०० अंक प्राप्त गर्ने प्रौढहरूलाई पूर्ण साक्षरको रुपमा वर्गीकरण गरिएको छ । पढाइ, लेखाइ र गणितका समसयहरू छिटो, छरितो र सन्तोषपूर्ण तरिकाले हल गर्न सक्षम प्रौढहरूलाई यस श्रेणीमा राखिएको छ ।

अध्ययनको विश्लेषण निम्न शीर्षक तथा उपशीर्षकमा गरिएको छ ।

यस अध्ययनमा औपचारिक प्रौढ साक्षरता आधारभूत तह उत्तीर्ण भएका प्रौढहरुको शैक्षिक उपलब्धि स्तर पत्ता लगाउन लिइएको १०० अंकको लिखित परीक्षामा प्राप्त गरेको प्राप्तांक विवरणलाई दुई भागमा बाँडी (क) पढाइ तथा लेखाई सम्बन्धी ज्ञान तथा सीपको उपलब्धि ८० अंक, (ख) गणित सम्बन्धी ज्ञान तथा सीपमा २० अंक गरी जम्मा १०० अंकलाई विभिन्न शीर्षक उपशीर्षकहरुमा बाँडिएको छ ।

**पढाइ तथा लेखाइसम्बन्धी ज्ञान तथा सीपको उपलब्धि अवस्था**

यस उपलब्धीलाई पाठ्यपुस्तक अनुसार पढाउन लगाइएको थियो । यस अध्ययन प्रौढ सहभागीहरुले ८० अंकभारमा प्राप्त गरेका अंकहरुको विवरण प्रस्तुत गरिएको छ । यसका आधारमा प्रौढ सहभागीहरुले प्राप्त गरेको अंकको गणना गरी व्याख्या गर्ने काम गरिएको छ ।

**तालिका नं. ४.९**

**अक्षर, मात्रा र शब्दको चिनारी (उपलब्धि अवस्था)**

| क्र.सं. | प्राप्तांक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ९ – १० | ५ | २५ |
| २ | ७ – ८ | ३ | १५ |
| ३ | ५ – ६ | ७ | ३५ |
| ४ | ३ – ४ | ४ | २० |
| ५ | ० – २ | १ | ५ |
| | जम्मा | २० | १०० |

***श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।***

माथिको तथ्याङ्क अनुसार सबै प्रश्नको उत्तर ठीक भएकालाई १० अंक र त्यसमा अक्षर नराम्रोसँग लेख्नेलाई ९ अंक । ७ देखि ८ समूहका सहभागीहरु लेख्न राम्रोसँग लेख्न जान्दछन् तर दुई तीन वटा उत्तर त्यति राम्रोसँग लेखिएको थिएन । त्यसैगरी ५-६ ल्याउने सहभागीहरुले आधा मात्र प्रश्नको सही उत्तर लेखेको हुनाले यो अंक प्राप्त गरेका छन् । यसलाई मध्यम नतिजा भनिएको छ । यस नतिजा अनुसार सहभागीहरु पूर्ण रुपमा लेख्न नजानेको स्तरमा देखिन्छ । ३-४ ल्याउनेहरुले प्राय प्रश्नको उत्तर सही नलेखेको र कमजोर

मानिएको छ । यस खालका सहभागीहरु अक्षर मात्र चिन्ने खालका देखिन्छ । ० देखि २ ल्याउने सहभागीहरु निकै कमजोर र प्राय लेख्न अक्षर शब्द नजान्नेको संख्यालाई जनाउँछ ।

माथिको तालिका अनुसार पूर्ण साक्षरमा ५ जना (२५ प्रतिशत) प्रौढहरू रहेको पाइयो । त्यस्तैगरी साक्षरको श्रेणीमा ३ जना (१५ प्रतिशत) रहेको पाइयो । औसतमा साक्षर संख्या ७ जना (३५ प्रतिशत) र त्यस्तैगरी आंशिक साक्षरमा ४ जना (२० प्रतिशत) रहेको पाइयो र निरक्षरमा १ जना ५ प्रतिशत रहेको पाइयो ।

माथिको तालिका अनुसार ९–१० अंक प्राप्त गर्ने जम्मा ५ जना जसमा कुल प्रौढको २५ प्रतिशत पर्न आउँछ । त्यसैगरी ७–८ अंक प्राप्त गर्ने ३ जना कुल प्रौढको जम्मा १५ प्रतिशत त्यसैगरी ५–६ अंक प्राप्त गर्ने ७ जना जसमा कुल प्रौढ प्रतिशत ३५ पर्न आउँछ । त्यसैगरी ३–४ अंक प्राप्त गर्ने ४ जना जसमा २० प्रतिशत पर्न आउँछ । त्यसैगरी ०–२ अंक प्राप्त गर्ने १ जना जसमा ५ प्रतिशत पर्न आउँछ ।

सारांशमा भन्नु पर्दा सबैभन्दा बढी ५–६ अंक प्राप्त गर्ने छन् जसमा ७ जना ३५ प्रतिशत मध्यम खालको उपलब्धी भएको बढी देखिन्छ । यस बाट थाहा हुन्छ ५-६ ल्याउने सहभागी बढी मात्रामा देखिन्छ । सबैभन्दा कम सहभागी ०–२ अंक प्राप्त गर्ने १ जना ५ प्रतिशत हुन आउँछ ।

**तालिका नं. ४.१०**

**नाम र ठेगाना लेख्ने क्षमता**

| क्र.सं. | प्राप्तांक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ९ – १० | ३ | १५ |
| २ | ७ – ८ | ७ | ३५ |
| ३ | ५ – ६ | ९ | ४५ |
| ४ | ३ – ४ | १ | ५ |
| ५ | ० – २ | ० | ० |
| जम्मा | | २० | १०० |

*श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।*

माथिको तालिका अनुसार १० अंक ल्याउने सहभागी सबै प्रश्नको उत्तर ठीक लेखेको नल्याउनेले एउटा 'इ' कार छोडेको त्यसैगरी ९-१० अंक प्राप्त गर्ने सहभागी तीन जना कूल प्रतिशत १५, ७-८ अंक ल्याउनेहरु सबै प्रश्नको जवाफ ठीक नदिएर ७ वटा मात्र सही उत्तर दिएको पाइयो जस अन्तर्गत ७ जना कूल प्रतिशत ३५ हुन आउछ । त्यसैगरी सबै प्रश्न मध्ये ६ वटा सही उत्तर दिनेलाई अक्षर र लेखाइमा सुद्धता हेरेर ५-६ अंक प्राप्त गरेका छन् । जस अन्तर्गत ९ जना (४५ प्रतिशत) अर्थात् सबैभन्दा बढी सहभागीहरु पर्दछन् । त्यसैगरी नाम र ठेगाना लेख्न आउने पढ्न चाही नआउनेको लागि ३-४ अंक प्राप्त गरेको पाइयो । जस अन्तर्गत एक जना कूल प्रतिशत ५ हुन आउँछ । ०-२ समूहमा कोही पनि नजान्ने सहभागी देखिएन ।

सारांशमा भन्नु पर्दा सबै भन्दा बढी ५-६ अंक प्राप्त गर्ने औषतमा अंक प्राप्त गर्ने ४५ प्रतिशत र सबै भन्दा कम आंशिक साक्षरता ३-४ अंक प्राप्त गर्ने एक जना ५ प्रतिशत संख्या देखियो ।

**तालिका नं. ४.११**

**शब्दहरूबाट वाक्य निर्माण गर्ने क्षमताको उपलब्धि**

| क्र.सं. | प्राप्तांक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ९ – १० | ४ | २० |
| २ | ७ – ८ | २ | १० |
| ३ | ५ – ६ | ८ | ४० |
| ४ | ३ – ४ | ६ | ३० |
| ५ | ० – २ | ० | ० |
| | जम्मा | २० | ० |

*श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।*

माथिको तथ्याङ्क अनुसार पूर्ण १० अंक प्राप्त गर्ने सहभागीहरुले दिएको शब्दबाट पूर्ण वाक्य बनाएका थिए । ९ अंक प्राप्त गर्ने सहभागीले एउटा 'चन्द्रबिन्दु' छोडेका थिए । जस अन्तर्गत ९-१० अंक प्राप्त गर्ने ४ जना २० प्रतिशत, त्यसैगरी ७ अंक ल्याउनेहरुले अक्षरमा एउटा शब्द छोडेका थिए भने ८ अंक ल्याउनेले वाक्यका अन्तमा 'पूर्णविराम' दिएका थिएनन् । जस अन्तर्गत ७-८ अंक प्राप्त गर्ने जम्मा २ जना (१० प्रतिशत) ।

त्यसैगरी ५-६ ल्याउने वाक्यको निर्माणका क्रममा 'पूर्णविराम', 'चन्द्रविन्दु' दुबै छुटाएका थिए । जस अन्तर्गत ८ जना (४० प्रतिशत) सबै भन्दा बढी सहभागी देखियो । ३-४ ल्याउनेहरुले वाक्यको निर्माण नै पूर्ण रुपमा गरेको थिएन । जस अन्तर्गत ६ जना (२० प्रतिशत) र ०-२ अंक प्राप्त गर्ने प्रौढहरु कोही थिएनन् ।

माथिको तालिका अनुसार पूर्ण साक्षरको श्रेणीमा ४ जना (२० प्रतिशत) प्रौढ रहेका छन् । त्यसैगरी साक्षरमा २ जना (१० प्रतिशत), औषतमा ८ जना (४० प्रतिशत), आंशिक साक्षरमा ६ जना (३० प्रतिशत) र निरक्षरमा कुनै पनि नरहेको तथ्यांकले जनाएको छ ।

**तालिका नं. ४.१२**

**अनुच्छेद पढाइ तथा लेखाइ (उपलब्धि अवस्था)**

| क्र.सं. | प्राप्तांक विवरण | ुसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ९ – १० | २ | १० |
| २ | ७ – ८ | ४ | २० |
| ३ | ५ – ६ | ४ | २० |
| ४ | ३ – ४ | ९ | ४५ |
| ५ | ० – २ | १ | ५ |
| जम्मा | | २० | १०० |

***श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।***

माथिको तथ्याङ्क अनुसार पूर्ण साक्षर जम्मा २ जना (१० प्रतिशत) छन् भने साक्षरमा ४ जना (२० प्रतिशत) छन् । त्यस्तैगरी औसतमा ४ जना अथवा २० प्रतिशत छन् भने आंशिक साक्षरमा भने संख्या ९ जना देखिन्छ अर्थात् ४५ प्रतिशत छन् भने निरक्षरमा १ जना अर्थात् ५ प्रतिशत तथ्याङ्कबाट स्पष्ट छ ।

माथिको तालिका अनुसार १० अंक ल्याउने सहभागीहरुले सबै उत्तरु ठीकसँग मिलाएको थियो भने ९ अंक प्राप्त गर्ने सहभागीहरुले (,) लेख्न छुटाएका थिए जस अन्तर्गत ९-१० अंक प्राप्त गर्ने प्रौढहरु जम्मा २ जना (१० प्रतिशत), त्यसैगरी ८ अंक ल्याउने सहभागीहरुले पढाइलेखाइ राम्रै थियो तर अनुच्छेद नमिलाएको ७ अंक ल्याउने सहभागीहरु नत (,) हालेको थियो नत अनुच्छेद नमिलाएको जसमा ७–८ अंक प्राप्त गर्ने प्रौढहरू ४ जना (२० प्रतिशत) देखियो । ५-६ अंक ल्याउनेहरु लेखाइ राम्रो भए पनि पढाइ थिएन जस

अन्तर्गत सहभागीहरु ४ जना (२० प्रतिशत), त्यसैगरी ३–४ अंक ल्याउनेहरु पढाइ तथा लेखाइ सम्बन्धी अलिकति जानेको देखियो जस अन्तर्गत सहभागीहरु ९ जना (४५ प्रतिशत) छ भने ०-२ अंक प्राप्त गर्ने सहभागीहरु थोरै मात्रामा जानेका थिए जस अन्तर्गत १ जना ५ प्रतिशत रहेको देखिएको छ ।

सारांशमा भन्नुपर्दा ३–४ अंक प्राप्त गर्ने ४५ प्रतिशत सबैभन्दा बढी देखिन्छ भने सबै भन्दा कम ०–२ अंक प्राप्त गर्ने ५ प्रतिशत प्रौढहरू रहेका छन् । यसमा ०-२ मा एक जना पाउने ठीकै छ ।

**तालिका नं. ४.१३**

**शब्दहरूको संगठन गर्ने क्षमताको उपलब्धि अवस्था**

| क्र.सं. | प्राप्तांक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ८ – १० | ४ | २० |
| २ | ८ – ६ | ३ | १५ |
| ३ | ६ – ४ | २ | १० |
| ४ | २ – ४ | ६ | ३० |
| ५ | ० – २ | ५ | २५ |
| जम्मा | | २० | १०० |

***श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।***

माथिको तथ्याङ्क अनुसार पूर्ण साक्षर ४ जना २० प्रतिशत, साक्षरमा २ जना १५ प्रतिशत, औसतमा २ जना १० प्रतिशत, त्यस्तैगरी आंशिक साक्षर ६ जना ३० प्रतिशत सबैभन्दा बढी देखिन्छन् र निरक्षर ५ जना (२५ प्रतिशत) रहेका छन् ।

माथिको तालिका अनुसार १० अंक प्राप्त गर्नेहरुले सबै शब्दको संगठन धर्को तानेर गरेका थिए ८ अंक प्राप्त गर्नेहरुले एउटा विगारे जस अन्तर्गत १०-८ अंक प्राप्त गर्ने प्रौढहरु जम्मा ४ जना (२० प्रतिशत), त्यसैगरी ६ अंक ल्याउनेहरु २ वटा विगारे ४ अंक प्राप्त गर्नेहरु तीन वटा विगारे जस अन्तर्गत ८-६ अंक प्राप्त गर्ने ३ जना (१५ प्रतिशत), त्यसैगरी ६-४ अंक प्राप्त गर्नेहरुमा २ जना (१० प्रतिशत), त्यसैगरी ल्याउनेहरुले एउटा मात्र शब्दहरुको संगठन गरेका थिए जसअन्तर्गत २-४ अन्तर्गत ६ जना (३० प्रतिशत), त्यसैगरी ०-२ अंक प्राप्त गर्ने ५ जना (२५ प्रतिशत) रहेका छन् ।

निष्कर्षमा भन्नुपर्दा २-४ अंक प्राप्त गर्ने प्रौढ सहभागीहरु ३० प्रतिशत देखिए अर्थात सबैभन्दा बढी भने सबै भन्दा कम ६-४ अंक प्राप्त गर्नै १० प्रतिशत सहभागी देखिए । शब्दहरुको क्षमताको उपलब्धिमा ०-२ अन्तर्गत ५ जना अर्थात २४ प्रतिशत पाइयो यसको मतलब राम्रै देखिन्छ ।

चिठ्ठी लैख्न सीपको उपलब्धि अवस्थाका लागि १० अंकभार छुट्याइएको थियो । जसमा सहभागीले प्राप्त गरेको प्राप्तांक निम्न छ ।

**तालिका नं. ४.१४**

**चिठ्ठी लेखन सीपको उपलब्धि क्षमता**

| क्र.सं. | प्राप्तांक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ९ – १० | ७ | ३५ |
| २ | ७ – ८ | २ | १० |
| ३ | ५ – ६ | ६ | ३० |
| ४ | ३ – ४ | ३ | १५ |
| ५ | ० – २ | २ | १० |
| | जम्मा | २० | १०० |

***श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।***

माथिको तथ्याङ्क अनुसार जम्मा पूर्ण साक्षर ७ जना (३५ प्रतिशत), त्यस्तैगरी २ जना साक्षरमा (१० प्रतिशत) देखिन्छन् भने औसतमा ६ जना (३० प्रतिशत), त्यस्तैगरेर आंशिक साक्षरमा ३ जना (१५ प्रतिशत) र निरक्षरमा २ जना (१० प्रतिशत) देखिन्छ ।

माथिको तालिको अनुसार १० अंक प्राप्त गर्न्हरुले उत्कृष्ठ चिठ्ठी लेखेका थिए । ९ अंक प्राप्त गर्नेहरुले मिति लेख्न छुटाएका थिए । जस अन्तर्गत ९-१० अंक प्राप्त गर्ने ७ जना जसमा कूल सहभागी प्रौढको (३५ प्रतिशत) पर्न आउँछ । ८ अंक प्राप्त गर्नेहरुले सम्बोधन गर्न छुटाएका र ७ अंक प्राप्त गर्नेहरुले मिति र सम्बोधन लेख्न छुटाएका थिए । जसमा ७-८ अंक प्राप्त गर्ने प्रौढहरु २ जना (१० प्रतिशत) देखियो । ५-६ अंक प्राप्त प्राप्त गर्नेहरुले वाक्यमा अस्पष्टता थियो । जसमा प्रौढहरु ६ जना (३० प्रतिशत) रहेको छ । ३-४ अंक प्राप्त गर्नेहरुले चिठ्ठी लेख्न ढाँचा नै नजानेर लेखेका थिए । जसमा ३ जना प्रौढहरु (१५

प्रतिशत) र ०-२ अंक प्राप्त गर्नेहरुले कहाँ के लेख्ने त्यो नै थाहा थिएन । जसमा २ जना प्रौढहरु (१० प्रतिशत) रहेका थिए ।

सारांशमा भन्नुपर्दा ९-१० अंक प्राप्त गर्ने सबै भन्दा बढी प्रौढहरु (३५ प्रतिशत) र सबभन्दा २ जना ७-८ अंक प्राप्त गर्ने (१० प्रतिशत) र त्यसैगरी ०-२ अंक प्राप्त गर्नेपनि २ जना (१० प्रतिशत) नै रहेको देखिएको छ ।

**तालिका नं. ४.१५**

**वाक्य निर्माणमा शब्दहरूको छनोट गर्न सक्ने क्षमताको उपलब्धि**

| क्र.सं. | प्राप्तांक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ९ – १० | २ | १० |
| २ | ७ – ८ | ३ | १५ |
| ३ | ५ – ६ | ९ | ४५ |
| ४ | ३ – ४ | ४ | २० |
| ५ | ० – २ | २ | १० |
| | जम्मा | २० | १०० |

***श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।***

माथिको तथ्याङ्क अनुसार पूर्ण साक्षरमा २ जना (१० प्रतिशत), साक्षर ३ जना (१५ प्रतिशत), औसतमा ९ जना (४५ प्रतिशत) तथा आंशिक साक्षरमा ४ जना (२० प्रतिशत) र निरक्षरमा २ जना (१० प्रतिशत) देखिएको छ ।

माथिको तालिका अनुसार १० अंक प्राप्त गर्ने सहभागीहरुले शब्दको छनोट गरेर शुद्ध वाक्य निर्माण गरेका थिए । ९ अंक प्राप्त गर्नेहरुले वाक्य त निर्माण गरे तर 'पुर्णविराम, अल्पविराम' लेख्न छुटाएका थिए । जसमा ९-१० अंक प्राप्त गर्ने प्रौढहरु २ जना (१० प्रतिशत) पर्न आउँछ । ७-८ अंक प्राप्त गर्नेहरु एउटा शब्दको राम्रो सँग प्रयोग गरेका थिएन र अक्षर पनि राम्रो नलेखेका थिए । जसमा ७-८ अंक प्राप्त गर्नेहरु ३ जना (१५ प्रतिशत) देखिन्छ । ५-६ अंक प्राप्त गर्नेहरुले वाक्यलाई त्यति मिठास दिन सकेनन् । जसमा ९ जना प्रौढहरु (४५ प्रतिशत), ३-४ अंक प्राप्त गर्नेहरुले सबै शब्दको प्रयोग नै गरेन । जसमा ४ जना (२० प्रतिशत) र ०-२ अंक प्राप्त गर्नेहरुले वाक्यको लागि शब्द नै छनौट गरेका थिएन । जसमा २ जना (१० पैतिशत) प्रौढहरु देखिएका थिए ।

निष्कर्षमा भन्नुपर्दा सबैभन्दा बढी अंक प्राप्त गर्ने सहभागीहरुको संख्या ९ जना (४५ प्रतिशत) र सबैभन्दा कम ९-१० र ०-२ अंक प्राप्त गर्ने २/२ जनाको दरले (१०/१० प्रतिशत) देखिएको छ ।

**तालिका नं. ४.१६**

**अनुच्छेद बोधको क्षमता**

| क्र.सं. | प्राप्तांक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ९ – १० | १ | ५ |
| २ | ७ – ८ | ५ | २५ |
| ३ | ५ – ६ | ४ | २० |
| ४ | ३ – ४ | १० | ५० |
| ५ | ० – २ | ० | ० |
| | जम्मा | २० | १०० |

***श्रोत : स्थलगत सर्वेक्षण २०६७।***

माथिको तथ्याङ्क अनुसार १ जना (५ प्रतिशत) पूर्ण साक्षरको स्तरमा रहेको देखिन्छ । त्यस्तैगरी ५ जना (२५ प्रतिशत) साक्षर, ४ जना (२० प्रतिशत) औसतको श्रेणीमा रहेका छन् भने आंशिकमा १० जना (५० प्रतिशत) भने निरक्षरमा कुनै पनि नरहेको स्पष्ट देखिन्छ ।

माथिको तथ्यांक अनुसार १० अंक प्राप्त गर्नेहरुले दिइएको अनुच्छेद पढेर सबै प्रश्नको उत्तरु सही रुपमा दिइएका थिए । ९ अंक प्राप्त गर्नेहरुले कही केयरमेट गरेका थिए । जसमा ९-१८ अंक प्राप्त गर्ने १ जना (५ प्रतिशत), ७-८ अंक प्राप्त गर्नेहरुले प्रश्नको उत्तरमा कहि-कहि शब्दको प्रयोग ठीक तरिकाले गरेका थिएन । जसमा ५ जना प्रौढहरु (२५ प्रतिशत) देखिएको छ । ५-१० अंक प्राप्त गर्नेहरुले वाक्यमा स्पष्टता ल्याउन सकेका थिएनन् । जसमा ४ जना प्रौढहरु (२० प्रतिशत) रहेका छन् । ३-४ अंक प्राप्त गर्नेहरुले अनुच्छेदको पूर्ण ज्ञान नै पाएका थिएनन् । जसमा १० जना (५० प्रतिशत) र ०-२ अंक प्राप्त गर्नेहरु एउटा पनि भेटिएन ।

निष्कर्षमा भन्नुपर्दा सबैभन्दा बढी प्रौढहरु ३-४ अंक प्राप्त गर्ने १० जना (५० प्रतिशत) र सबै भन्दा कम ९-१० अंक प्राप्त गर्ने १ जना (५ प्रतिशत) देखियो ।

## ४.४ गणित सम्बन्धी ज्ञान तथा सीप (उपलब्धि अवस्था)

गणितीय सांख्यिक समस्याको आधारभूत ज्ञान तथा सीपको उपलब्धि जाँच्न २० अंकभार प्राप्त गरेको थियो जसमा प्रौढहरूले प्राप्त गरेको अंक तल व्याख्या गरिएको छ।

**तालिका ४.१७**

**गणितीय सांख्यिक समस्याको आधारभूत ज्ञान तथा सीप**

| क्र.सं. | प्राप्तांक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ८ – १० | ० | ० |
| २ | ८ – ६ | ५ | २५ |
| ३ | ६ – ४ | १० | ५० |
| ४ | ४ – २ | ४ | २० |
| ५ | ० – २ | १ | ५ |
| | जम्मा | २० | १०० |

***श्रोत : स्थलगत सर्वेक्षण २०६७।***

माथिका तथ्याङ्क अनुसार पूर्ण साक्षर कोही पनि नरहेको, त्यस्तैगरी साक्षर ५ (२५ प्रतिशत), त्यस्तैगरी आंशिक साक्षर १० जना (५० प्रतिशत) र निरक्षर १ (५ प्रतिशत) रहेको रहेको स्पष्ट देखिन्छ।

माथिको तालिका अनुसार ८–१० अंक प्राप्त गर्ने सहभागीहरु भेटिएन । ८ अंक प्राप्तहरु ५ प्रश्नमा एउटा प्रश्न विगारेका थिए । जसमा ५ जना (२५ प्रतिशत) प्रौढहरु देखिन्छ । ६ अंक प्राप्त गर्नेहरु दुई वटा प्रश्नहरु विगारेका थिए जसमा ६-४ अंक प्राप्त गर्नेहरु १० जना (५० प्रतिशत) र ४ अंक प्राप्त गर्नेहरु ३ वटा विगारेका थिए जसमा ४-२ अंक प्राप्त गर्ने ४ जना (२० प्रतिशत) र ०-२ अंक प्राप्त गर्ने ४ वटा विगारेका थिए जसमा १ जना (५ प्रतिशत) देखिएका छन् ।

सारांशमा भन्नुपर्दा सबैभन्दा कम अंक गर्ने ६-४ १० जना (५० प्रतिशत) र सबभन्दा कम कम अंक प्राप्त गर्ने ०-२ १ जना (५ प्रतिशत) देखिएका छन् । यसमा भन्दाखेरी अरु तुलनामा ०-२ मा १ जना पनि देखियो ।

तालिका ४.१८

गणितीय शाब्दिक समस्या समाधान गर्ने ज्ञान तथा सीप

| क्र.सं. | प्राप्तांक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ९ – १० | ३ | १५ |
| २ | ७ – ८ | २ | १० |
| ३ | ५ – ६ | ५ | २५ |
| ४ | ३ – ४ | ६ | ३० |
| ५ | ० – २ | ४ | २० |
| | जम्मा | २० | १०० |

*श्रोत : स्थलगत सर्वेक्षण २०६७ ।*

माथिको तथ्याङ्क अनुसार १० अंक प्राप्त गर्नेहरु सबै गणितीय समस्याका समाधान गरेका थिए । ९ अंक प्राप्त गर्नेहरु (=) बराबर लेख्न छुटाएका थिए । जसमा ९-१० अंक प्राप्त गर्ने ३ जना (१५ प्रतिशत) देखिन्छ । ७-८ अंक प्राप्त गर्नेहरु एउटा प्रश्नको उत्तर विगारेका थिए । जसमा २ जना (१० प्रतिशत), त्यसैगरी ५-६ अंक प्राप्त गर्नेहरु २ वटा प्रश्नको उत्तर विगारेका थिए । जसमा ५ जना (२५ प्रतिशत), त्यस्तै गरी ३-४ अंक प्राप्त गर्नेहरु तीन वटा प्रश्नको उत्तर विगारेका थिए । जसमा ६ जना (३० प्रतिशत) र ०-२ अंक प्राप्त गर्नेहरु एउटा पनि सही उत्तर दिएनन् । जसमा ४ जना (२० प्रतिशत) हुन आउँछ ।

माथिको तथ्यांक अनुसार पूर्ण साक्षर ४ जना (२० प्रतिशत), साक्षरमा ३ जना (१० प्रतिशत) औसतमा ५ जना (२५ प्रतिशत), आंशिक साक्षरमा ६ जना (३० प्रतिशत) र निरक्षरमा ४ जना (२० प्रतिशत) पर्न आउँछ ।

निष्कर्षमा भन्नुपर्दा सबैभन्दा बढी आंशिक साक्षरमा ३० प्रतिशत र सबभन्दा कम साक्षरमा (१० प्रतिशत) मात्र हुन आउँछ । यसमा ०-२ अन्तर्गत ४ जना पर्दछ । यसको अर्थ अरु तथ्यांक भन्दा यसमा बढी जानेका देखियो ।

**प्रौढ साक्षरता उत्तीर्ण प्रौढहरुको समग्रमा उपलब्धि स्तर**

प्रौढ सहभागीहरुको समग्रतामा पढाइ तथा लेखाइको तथा गणितीय सांख्यिक उपलब्धिको अंक ५ स्तरमा छुट्याइएको छ जसमा

| | |
|---|---|
| ९ – १० | पूर्ण साक्षर |
| ७ – ८ | साक्षर |
| ५ – ६ | औसत |
| ४ – ३ | आंशिक साक्षर |
| ० – २ | निरक्षर |

विभिन्न व्याख्या तथा विश्लेषण तल तालिकामा स्पष्ट छ ।

## तालिका ४.१९

## प्रौढ साक्षरता उत्तीर्ण प्रौढहरुको समग्रमा उपलब्धि स्तर

| क्षेत्र | | ९–१० | ७–८ | ५–६ | ३–४ | ० –२ |
|---|---|---|---|---|---|---|
| **पढाइ तथा लेखाइ सम्बन्धी** | | | | | | |
| **तालिका नं.** | **तालिका शीर्षकु** | | | | | |
| ४.९ | अक्षर र मात्रा शब्दको चिनारी | ५ | ३ | ७ | ४ | १ |
| ४.१० | नाम र ठेगाना लेख्ने क्षमता | ३ | ७ | ९ | १ | ० |
| ४.११ | शब्दहरुबाट वाक्य निर्माण गर्ने क्षमता | ४ | २ | ८ | ६ | ० |
| ४.१२ | अनुच्छेद पढाइ र लेखाइ | २ | ४ | ४ | ९ | १ |
| ४.१३ | शब्दहरुको संगठन गर्ने क्षमताको उपलब्धि | ४ | ३ | २ | ६ | ५ |
| ४.१४ | चिठी लेखन सीपको उपलब्धि क्षमता | ७ | २ | ६ | ३ | २ |
| ४.१५ | वाक्य निर्माणमा शब्दहरुको निर्माण गर्ने क्षमता | २ | ३ | ९ | ४ | २ |
| ४.१६ | अनुच्छेद बोधको क्षमता | १ | ५ | ४ | १० | ० |
| | जम्मा | २८ | २९ | ४९ | ४३ | ११ |
| | प्रतिशत | ३५ | ३६ | ६१ | ५३ | १३ |
| **गणित सम्बन्धी** | | | | | | |
| ४.१७ | गणितीय शाब्दिक समस्या समाधान गर्ने ज्ञान तथा सीप | ० | ५ | १० | ४ | १ |
| ४.१८ | गणितीय सांख्यिक समस्याको आधारभूत ज्ञान तथा सीप | ३ | २ | ५ | ६ | ४ |
| | जम्मा | ३ | ७ | १५ | १० | ५ |
| | प्रतिशत | १५ | ३५ | ७५ | ५० | २५ |

माथिको तालिका अनुसार पढाइ तथा लेखाइ सम्बन्धी ज्ञान तथा सीपमा उपलब्धि स्तरलाई हेर्दा पूर्ण साक्षरताको बिन्दुमा समग्रमा जम्मा २८ जना (३५ प्रतिशत) देखिन्छ । त्यस्तै साक्षरमा ३६ प्रतिशत अर्थात् २९ जना, त्यसैगरी औसत उपलब्धि स्तरमा ४९ जना (६१ प्रतिशत) सबैभन्दा बढी औसतमा सहभागहिरुको उपलब्धिस्तर देखिन्छ । त्यसैगरी आंशिक स्तरको तहमा पर्ने सहभागीहरु जम्मा ४३ जना (५३ प्रतिशत) र निरक्षरमा पनि १३ प्रतिशत रहेको पाइन्छ । माथिको तालिकामा प्रौढ साक्षरता हासिल गर्न पुगेका साक्षरहरु पनि अझै पनि कहालिलाग्दो स्थितिमा छन् जसलाई निरक्षरताले देखाएको छ । औसतमा हेर्दा ६१ प्रतिशत हुनुलाई मध्यम मान्न सकिन्छ ।

त्यसैगरी गणित तथा सांख्यिक समस्यासम्बन्धी उपलब्धि स्तरमा पूर्ण साक्षरताको समूहमा ३ जना छन् जसमा कुल सहभागीको १५ प्रतिशत पर्न आउाछ । त्यसैगरी साक्षरमा ७ जना (३५ प्रतिशत), औसतमा १५ जना (७५ प्रतिशत), आंशिक साक्षर १० जना (५० प्रतिशतर) र निरक्षरमा ५ जना (२५ प्रतिशत) देखिन्छ । यस तालिकाअनुसार प्रौढहरु सांख्यिक क्षेत्रमा पनि पछि नै हुन भन्दा त मिल्दैन । औसत उपलब्धि हेर्दा ७५ प्रतिशत छ यसलाई मध्यम मान्न सकिन्छ ।

# अध्याय पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

### क) सहभागिता सम्बन्धी

- सहभागी प्रायः गाउँ घरमा बसोबास गर्ने पाइयो ।
- त्यस्तै गरेर सहभागीहरू प्राय बढी कृषि पेशामा ७० प्रतिशत रहेका पाइयो भने सबैभन्दा कम व्यापारमा ५ प्रतिशत रहेको पाइयो ।
- सहभागीहरूको उमेरलाई अध्ययन गर्दा सबैभन्दा बढी उमेर समूह ५७ वर्ष भने सबैभन्दा कम १८ वर्षको पाइयो । त्यस्तै गरेर अविवाहितमा ३५ प्रतिशत महिला पाइयो र विवाहित ६५ प्रतिशत पाइयो ।
- त्यस्तै गरेर सहभागीहरुको जाति अनुसार गर्दा सबैभन्दा बढी सहभागी आदिवासी १० जना ५० प्रतिशत रहेको पाइन्छ । दलितमा ७ जना ३५ प्रतिशत र अन्यमा ३ जना १५ प्रतिशत पाइयो ।
- प्रौढ कक्षामा विवाहित महिला ६१.५३ प्रतिशत उत्तीर्ण र ३८.४७ प्रतिशत अउत्तीर्ण र त्यस्तै अविवाहितमा ७१.७३ प्रतिशत उत्तीर्ण र २८.५७ प्रतिशत अउत्तीर्ण पाइयो ।
- प्रौढ कक्षामा सम्पूर्ण सहभागीमध्ये २६ प्रतिशत अनियमित रहेको पाइयो भने कक्षा छाड्ने २२ प्रतिशत पाइयो ।
- बिचैमा कक्षा छाड्ने कारणमा बढी बालबच्चा सानो भएका कारण ५० प्रतिशत कक्षा छोडेको पाइयो ।
- सहभागी स्वयम् आफै नै प्रेरित भएर ६० प्रतिशत कक्षामा आएको पाइयो ।
- सहभागीहरूको पारिवारिक विवरण अनुसार संयुक्त २० प्रतिशत एकल ८० प्रतिशत रहेको पाइयो ।

**ख) शैक्षिक उपलब्धि सम्बन्धी**

- अक्षर, मात्रा र शब्दको चिनारीमा सबैभन्दा बढी सहभागी ५-६ अंक प्राप्त गर्ने ३५ प्रतिशत पाइयो जसमा ३५ प्रतिशत मध्यम खालमा पर्दछ ।

- नाम र ठेगाना लेख्ने क्षमतामा सबैभन्दा बढी सहभागी ५-६ अंक ल्याउने ४५ प्रतिशत पाइयो जसमा ५-६ लाई बीचको अवस्था मान्न सकिन्छ ।

- शब्दहरुबाट वाक्य निर्माण गर्नेमा सबभन्दा बढी सहभागी ५-६ प्राप्त गर्ने ४० प्रतिशत देखिन्छ । यसलाई मध्यम अवस्था मान्न सकिन्छ ।

- अनुच्छेद पढाइ तथा लेखाइमा सबैभन्दा बढी सहभागी ३-४ अंक प्राप्त गर्ने ४५ प्रतिशत पाइयो । जसलाई अलि नराम्रो मान्न सकिन्छ ।

- शब्दहरुको संगठन गर्ने क्षमतामा सबभन्दा बढी सहभागी २-४ अंक प्राप्त गर्ने ३० प्रतिशत पाइयो जसलाई तल्लो स्तर मान्न सकिन्छ ।

- चिठी लेख्न सिपको उपलब्धीमा सबैभन्दा बढी सहभागी ९-१० अंक प्राप्त गर्ने ३५ प्रतिशत पाइयो । ९-१० अंक भनेको सबैभन्दा उत्तम वा पूर्णमा पर्दछ ।

- वाक्य निर्माणमा शब्दहरुको छनोट गर्न सक्नेमा ५-६ अंक प्राप्त गर्ने सहभागीहरु ४५ प्रतिशत पाइयो । त्यसलाई मध्यम अवस्था बुझिन्छ ।

- अनुच्छेद बोधको क्षमतामा ३-४ अंक प्राप्त गर्ने ५० प्रतिशत सहभागी पाइयो । यसलाई कमजोर अवस्था बुझिन्छ ।

- समग्रतामा गणित तथा सांख्यिक सीप उपलब्धिमा पूर्ण साक्षर १५ प्रतिशत, साक्षरता ३५ प्रतिशत, आंशिक ५० प्रतिशत र निरक्षरमा २५ प्रतिशत पाइयो भने पढाइ तथा लेखाइ सम्बन्धी सीपमा पूर्ण साक्षर ३५ प्रतिशत, साक्षर ३६ प्रतिशत, औसत ६१ प्रतिशत, आंशिक ५३ प्रतिशत र निरक्षरमा १३ प्रतिशत पाइयो ।

## ५.२ निष्कर्ष

प्रौढ कक्षामा सहभागीहरुको सहभागिता शतप्रतिशत पाइयो जसलाई राम्रो श्रेणीमा राख्न सकिन्छ । प्रायः सहभागीहरु कृषि पेशामा बढी रहेको र सहभागीहरुलाई प्रौढ कक्षा लिनुपर्छ भन्ने भावना आफैमा रहेको पाइयो । साथै प्रौढ सहभागीहरु सामाजिक कार्यमा देखिन्छ ।

त्यसैगरी सहभागीहरु २६ प्रतिशत अनियमितता पाइयो । प्रौढ कक्षाका सन्दर्भमा बढी विवाहित महिला घरायसी काममा संलग्न रहेकाले नराम्रो मान्न सकिँदैन । त्यसैगरी पढाइ तथा लेखाइ सम्बन्धी ज्ञान तथा सीपको उपलब्धिमा पूर्ण साक्षर ३५ प्रतिशत देखिन्छ जसमा कुल प्रतिशतको ३५ प्रतिशत राम्रै मान्न सकिन्छ । त्यसैगरी औसतमा ६१ प्रतिशत देखिन्छ । यस संख्यालाई मध्यम मान्न सकिन्छ । त्यसैगरी निरक्षरमा १३ प्रतिशत देखिन्छ जुन सन्तोषजनक मानिँदैन । गणित तथा सांख्यिक सीपसम्बन्धी उपलब्धिस्तरमा पूर्ण साक्षर औसतमा ७५ प्रतिशत यस अनुसार ७५ प्रतिशत औसतमा पर्नु मध्यम मानिन्छ । त्यसैगरी निरक्षरमा २५ प्रतिशत पर्न आउँछन् जसलाई सन्तोषजनक मान्न सकिँदैन ।

## ५.३ सुझाव

- सहभागितादर शतप्रतिशत रहे पनि प्रायः ग्रामीण क्षेत्रमा पर्ने हुँदा विभिन्न कार्यक्रम जस्तै : घरदैलो, महिला संगठन आदि जस्ता कार्यक्रम संचालन गरी सम्पूर्णलाई सहभागी गराउन सके कार्यक्रम सफल हुन सक्छ ।
- सहभागीहरु २६ प्रतिशत अनियमित पाइयो । २६ प्रतिशत भनेको राम्रो स्थिति होइन । सम्पूर्णलाई नियमित प्रौढ कक्षामा सहभागी गराउन विभिन्न पुरस्कार र पढाउने केन्द्र नजिक राखिदिने व्यवस्था गर्ने र सहभागीहरुको सुविधा भएको ठाउँमा केन्द्र राख्ने ।
- कक्षामा सिकाइ संलग्नता अझै प्रभावकारी बनाउन सातारुपी परीक्षा लिने कक्षामा नगद पुरस्कार वितरण गर्ने व्यवस्था गर्ने ।

- प्रौढ कक्षा उत्तीर्णको औचित्य साक्षर बनाउनु तर अझै पनि पढाइ तथा लेखाइको आधारभूत ज्ञान हासिल गर्न नसक्नु निरक्षर १३ प्रतिशत हुनु भनेको कहालिलाग्दो हो । पूर्ण साक्षर बनाउन कक्षा सञ्चालन पूर्ण रुपमा गर्ने, परीक्षा संचालन नियमित रुपमा भयो भएन भनी निरीक्षण गर्न निरीक्षकको जिम्मेवारी तोकिदिनु पर्ने ।

- सहजकर्तालाई सहभागीको सिकाइ सक्रियताका सम्बन्धमा बुझ्दा राम्रो भने पनि सहभागीहरु कक्षा शिक्षणमा रुचि नदेखाउने जस्तो देखियो । अतः त्यसलाई निराकरण गर्न उचित योग्यता भएका तथा उचित जीवन धान्ने पारिश्रमिक वितरण गरिदिए कक्षा शिक्षण प्रभावकारी हुने थियो ।

# सन्दर्भसामग्री

अनौपचारिक शिक्षा केन्द्र (२०६२), *अनौपचारिक शिक्षा पाठ्यक्रम,* सानोठिमी भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

अनौपचारिक शिक्षा केन्द्र (२०६६), *नयाँ गोरेटो पहिलो पाइला,* सानोठिमी भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

खनाल, केदारचन्द्र तथा अन्य (सं. मण्डल) (२०६२), *साक्षरता विशेषाङ्क,* अनौपचारिक शिक्षा केन्द्र ।

खनाल, श्रीप्रसाद र भोला के.सी. (२०६३), *अनौपचारिक शिक्षा,* काठमाडौँ : जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्सु प्रा.लि. ।

बिष्ट, हरिराज (२०६३), *प्रौढहरुको साक्षरताको उपलब्धि स्तर एक अध्ययन,* शोधपत्र, त्रि.वि. शिक्षाशास्त्र संकाय केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

औपचारिक शिक्षाकेन्द्र (२०६६), *साक्षरता विशेषाङ्क,* औपचारिक शिक्षाकेन्द्र, सानोठिमी भक्तपुर ।

नेपाल, जनार्जन (२०६४), *नेपालको शिक्षा प्रणाली चुनौति र सम्भावना,* काठमाडौँ : मकालु प्रकाशन गृह ।

राष्ट्रिय योजना आयोग (२०६४), *तीन वर्षीय अन्तरिम योजनाको आधारपत्र (२०६४/०६५-०६६/०६७),* राष्ट्रिय योजना आयो ।

*आ.व. २०६६/०६७ को बजेटमा शिक्षा, अर्थमन्त्रालय ।*

अनौपचारिक शिक्षा केन्द्र (२०६३), *अनौपचारिक शिक्षा नीति,* सानोठिमी, भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

कँडेल, हिमकर (२०५५), *स्थानीय स्वायत्त शासन ऐन (संशोधन सहित),* काठमाडौँ : मकालु प्रकाशन ।

जोशी, किशोर (२०६४), *अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिला सहभागीहरुको अवस्था र त्यसको प्रभावकारिता शिक्षा संकाय,* अप्रकाशित शोधपत्र, त्रि.वि. शिक्षाशास्त्र संकाय केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

अनौपचारिक शिक्षा केन्द्र (२०६४), अनौपचारिक शिक्षा कार्यान्वयन निर्देशिका, सानोठिमी, भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

लुइटेल, समीरा (२०६४), *महिला अनौपचारिक शिक्षा कार्यक्रम समाजमा सक्रियता,* अप्रकाशित शोधपत्र, ताहचाल क्याम्पस, तहाचल ।

## अनुसूची – १

## महिला प्रौढ साक्षरता र कार्यक्रमको सहभागिता र उपलब्धिहरु

आधारभूत प्रौढ साक्षरता तह उत्तीर्ण सहभागीहरुको उपलब्धि स्तर परीक्षणका लागि प्रश्न ।

नोट : तल दिएका प्रश्नहरुको उत्तर लेख्नुहोस् । पूर्णाङ्क – १००

१ : आफ्नो बारेमा लेख्नुहोस् । १०

नाम : उमेर :

जिल्ला :

गा.वि.स. ⁄ न.पा. :

वडा नं. : गाउँ ⁄ टोल :

२. तलका अक्षर र मात्रा मिलाई ५ वटा शब्दहरु बनाउनुहोस् । ५×२=१०

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | थ | ब | भ | र | ा | ि |

उदाहरण : भारत, भात

क) ............................................................

ख) ............................................................

ग) ............................................................

घ) ............................................................

ङ) ............................................................

३. तल दिइएका शब्दहरुबाट अर्थ खुल्ने वाक्य बनाउनुहोस् । ५×२=१०

क) माछा, छन् पानीमा

............................................................

ख) मीना छिन् काममा

............................................................

ग) बारीमा, गर, खेती, तरकारी

............................................................

घ) बानी, नबिगार, खेलेर, तास

..................................................................

ङ) काका, खान्छन्, माछा काम पछि

..................................................................

४. तलको सूचना पढी सोधिएका प्रश्नहरुको उत्तर लेख्नुहोस् । ४×२.५=१०

यस वर्ष ज्यादै कम पानी परेकाले खोलानाला सुक्खा भएका छन् । त्यसैले धारामा पानी कम आउन थालेको छ । धारामा आएको पानीले सबैलाई पुग्दैन । त्यसकारण धारा खुला नराख्नु होला । काम सकिएपछि राम्ररी धारा बन्द गर्नुहोला ।

क) खोला नाला किन सुके ?

..................................................................

ख) खोला सुक्दा के भयो ?

..................................................................

ग) काम सकिएपछि किन धारा बन्द गर्नुपर्छ ?

..................................................................

घ) माथिको सूचना कसले गरेको छ ?

..................................................................

५. तल दिएका समूह क को समूह खसँग धर्को तानेर जोडा मिलाउनुहोस् । ५×२=१०

| समूह क | | समूह ख | |
|---|---|---|---|
| क) | बारीमा | क) | वृक्षा रोपण गरौँ |
| ख) | सानो परिवार | ख) | खराब बानी हो |
| ग) | जाँड रक्सी खानु | ग) | दम र खोकीको मूल कारण |
| घ) | पहिरोबाट बच्न | घ) | तरकारी खेती गर |
| ङ) | धुम्रपान | ङ) | सुखी परिवार |

६. आफू प्रौढ कक्षामा पढेर चिट्ठी लेख्न सक्ने भएको खबर लेखी आफ्नो बुवा आमालाई चिट्ठी लेख्नुहोस् । १०

७. तल दिएका मिल्दा शब्द छानी वाक्य पूरा गर्नुहोस् । ५×२=१०

निर्धो, खुव, आली, रुपैयाँ, उपाय

क) एउटा गोरु बलियो र अर्को गोरु .................... थियो ।

ख)　किसान .......................... मा टुसुक्क बस्यो ।

ग)　तिमी ..................... राम्रा छौ ।

घ)　तपाईं एउटा ......................... सिकाइदिनुहोस् ।

ङ)　उसले सय ........................ पायो ।

८.　तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् ।　५×२=१०

क)　पहिरो रोक्न के गर्नुपर्छ ?

.................................................................

ख)　झाडापखाला रोगको उपचार के हो ?

.................................................................

ग)　जन्मान्तरका लागि के गर्नुपर्छ ?

.................................................................

घ)　गर्भवती महिलाले धुम्रपान गर्दा के हुन्छ ?

.................................................................

ङ)　नेपालीको मुख्य दुईवटा चाडहरुको नाम लेख्नुहोस् ।

.................................................................

९.　तल दिएका हिसाबहरु गर्नुहोस् ।　५×२=१०

क)
```
  ४ ५
+ १ ५
------
```

ख)
```
  ४ १ ६
+ २ ४ ५
--------
```

ग)
```
  ७ ४
− २ २
------
```

घ)
```
  ५ ४ १
+ ४ १ ४
--------
```

ङ)
```
  ४
× ३
-----
```

१०. तल गणितीय समस्या समाधान गर्नुहोस् । ४×२.५=१०

क) रामले २७ रुपैयाको तेल र ३६ रुपैयाको चामल किन्यो । रामले जम्मा कति रुपैया खर्च गऱ्यो ?

...................................................................

ख) हरिले किसानबाट ३४२ रुपैया बराबरको आलु किन्यो र त्यही आलु ४६५ रुपैयामा बिक्री गऱ्यो भने उसले आलूबाट कति फाइदा गऱ्यो ?

...................................................................

ग) गोमाले एक वर्षमा ३५० मुरी धान फलाउँछिन् भने ५ वर्षमा कति फलाउँछिन् ?

...................................................................

घ) १८ सुन्तलालाई ३ बराबर भाग लगाउँदा प्रत्येक भागमा कति सुन्तला पर्छ ?

...................................................................

# अनुसूची – २

## सहजकर्ताका लागि प्रश्नावली

सहजकर्ताको नाम थर :

केन्द्र :

जाति : लिङ्ग :

१) कक्षामा सहभागिताको अवस्था कस्तो छ ?

.............................................................................................................

२) कक्षामा नियमितताको अवस्था कस्तो छ ?

.............................................................................................................

३) गत कार्यक्रममा कतिले कक्षा छोडे ?

.............................................................................................................

४) कक्षा शिक्षणमा सहभागीहरु कतिको सक्रिय छन् ?

.............................................................................................................

५) कक्षाकार्य तथा गृहकार्य गर्ने काममा सहभागीहरु कत्तिको सक्रिय छन् ?

.............................................................................................................

६) महिनामा कतिदिन कक्षा सञ्चालन गर्नु हुन्छ ?

.............................................................................................................

७) कक्षा सञ्चालनको अवधि कति छ ?

.............................................................................................................

८) सहभागीहरु सामाजिक कार्यमा कत्तिको सक्रिय छन् ?

.............................................................................................................

९) तोकिएको पाठ्यक्रम अनुसार शैक्षिक उपलब्धि कस्तो छ ?

.............................................................................................................

# अनुसूची – ३

## सहभागीहरुका लागि प्रश्नावली

नाम थर : उमेर :

जाति : विवाहित/अविवाहित :

१) तपाईंको घरबाट केन्द्र कत्तिको टाढा छ ?

| | | | |
|---|---|---|---|
| क) | १५ मिनेट | ख) | आधा घण्टा |
| ग) | ४५ मिनेट | घ) | १ घण्टा |

२) तपाईंको मुख्य जीविकोपार्जन पेशा कुन हो ?

| | | | |
|---|---|---|---|
| क) | कृषि | ख) | मजदुरी |
| ग) | व्यापार | घ) | अन्य |

३) तपाईंलाई प्रौढ कक्षा पढ्न कसले प्रेरणा दियो ?

| | | | |
|---|---|---|---|
| क) | बुवा | ख) | साथी |
| ग) | आफै | घ) | अन्य |

४) तपाईं महिनामा कक्षामा कतिदिन सहभागी हुनहुन्छ ?

.......................................................................................................

५) नियमित हुनुहुन्न भने कति दिन हुनुहुन्न ?

.......................................................................................................

६) के कारणले कक्षा छाड्नुभयो ?

.......................................................................................................

७) प्रौढ कक्षामा सहभागी हुँदा कस्तो महसुस गर्नु भएको छ ?

.......................................................................................................

८) नियमित गृहकार्य गर्नुहुन्छ कि हुँदैन ?

.......................................................................................................

९)    प्रौढ कक्षाको गृहकार्य गर्न घरमा कसले सघाउँछ ?

क)    श्रीमान्    ख)    आफै

ग)    छोराछोरी    घ)    अन्य

१०)    तपाईंको घरमा कति सदस्य छन् ?

क)    संयुक्त    ख)    अन्य

११)    कुनै सामाजिक कार्यमा संलग्न हुनुहुन्छ भने कुनमा हुनुहुन्छ ?

क)    आमा समूह    ख)    सहकारी संस्था

ग)    वन उपभोक्ता समिति    घ)    अन्य

## अनुसूची – ४

## बिचैमा कक्षा छाडने सहभागीहरुको लागि अन्तर्वार्ता प्रश्नावली

नाम थर : उमेर :

जाति : विवाहित/अविवाहित :

१) तपाईको नाम के हो ?

..........................................................................................................

२) तपाई कति वर्षको हुनुभयो ?

..........................................................................................................

३) तपाईले किन पहिला विद्यालय नपढनु भएको ?

..........................................................................................................

४) तपाईले किन बिचैमा कक्षा छाडनु भएको ?

..........................................................................................................

५) यहाँबाट प्रौढ कक्षा जान कति टाढा छ ?

..........................................................................................................

६) तपाईको विवाह भएको छ कि छैन ?

..........................................................................................................

७) तपाईको घरमा अरु कसैले घरको काम सघाउनु हुन्छ ?

..........................................................................................................

८) तपाईको बालबबच्चा कति जना छन् ?

..........................................................................................................

९) तपाईलाई प्रौढ शिक्षा पढ्नको लागि कसले प्रेरणा दिएको थिया् र अहिले के कारणले पढ्न छाडनु भएको ?

..........................................................................................................

१०) तपाईको परिवार कस्तो छ ?

..........................................................................................................

# अनुसूची – ५

## सहभागीहरूको उमेर, जाति, वैवाहिक स्थिति विवरण

| क.सं. | नाम | जाति | वैवाहिक स्थिति | उमेर |
|---|---|---|---|---|
| १ | भोला देवी चौधरी | आदिवासी | विवाहित | ४५ |
| २ | निरज चौधरी | आदिवासी | अविवाहित | २० |
| ३ | शान्ति चौधरी | आदिवासी | अविवाहित | २४ |
| ४ | ललिता देवी चौधरी | आदिवासी | विवाहित | ५६ |
| ५ | विनिता देवी चौधरी | आदिवासी | विवाहित | ५१ |
| ६ | प्रमिला देवी चौधरी | आदिवासी | विवाहित | ४७ |
| ७ | बसन्ती चौधरी | आदिवासी | अविवाहित | २४ |
| ८ | रमिता देवी चौधरी | आदिवासी | विवाहित | ४९ |
| ९ | विनिता देवी सदाय | दलित | विवाहित | ३२ |
| १० | सरस्वती देवी सदाय | दलित | अविवाहित | १८ |
| ११ | रन्जु देवी सदाय | दलित | विवाहित | ५१ |
| १२ | सन्जु देवी सदाय | दलित | विवाहित | ५७ |
| १३ | रेसम देवी साह | अन्य | विवाहित | ३४ |
| १४ | कविता कुमारी साह | अन्य | अविवाहित | २३ |
| १५ | सरिता देवी भगत | अन्य | विवाहित | ५२ |
| १६ | किरण देवी राय | दलित | विवाहित | ३६ |
| १७ | फुलकुमारी देवी राय | दलित | विवाहित | ३८ |
| १८ | सुसिला कुमारी राय | दलित | अविवाहित | २१ |
| १९ | पुनम देवी चौधरी | आदिवासी | विवाहित | ४० |
| २० | बबिता कुमारी चौधरी | आदिवासी | अविवाहित | २२ |